# विपद जोखिम अनुकुलन तथा क्षमता विश्लेषण योजना

## लुम्बिनी सांस्कृतिक नगरपालिका
## लुम्बिनी, रुपन्देही
## लुम्बिनि प्रदेश, नेपाल

# विषय सूची


| विषय सूची | पाना न |
|---|---|
| **खण्ड एकः परिचय** | |
| १ विपद् जोखिमको राष्ट्रिय परिदृष्यः | ३ |
| १.१ पृष्ठभूमी | ४ |
| १.२ लुम्बिनी साँस्कृतिक नगरपालिकाको परिचयः | ५ |
| १.२ योजनाको परिकल्पना, ध्येय तथा लक्ष्य | ६ |
| १.३ योजनाको  उद्देश्य | ६ |
| १.४ योजनाको आवश्यकता तथा महत्व | ७ |
| १.५ योजनाको सिमा | ८ |
| १.६ योजना तर्जुमा विधि र प्रक्रिया | ९ |
| १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन | ९ |
| १.४.२ तथ्यांक तथा सूचना संकलन | १० |
| १.४.३ अभिमुखिकरण तथा कार्यशालाको आयोजना | १० |
| १.४.४ मस्यौदा कार्ययोजना तयारी | ११ |
| १.४.५ मस्यौदा कार्ययोजना सम्बन्धीत पक्ष समक्ष पेश | ११ |
| १.४.६ प्रतिवेदनको अन्तिम रुप | ११ |
| १.७ योजना कार्यान्वयन रणनीति | १२ |
| १.७.:१ योजनाको स्वीकृतिः | १२ |
| १.७.२ बजेट व्यवस्थाः | १२ |
| १.७.३ योजना कार्यान्वयन : | १२ |
| परिच्छेद २: विपद् जोखिम सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था | |
| २.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु | १३ |
| २.१.१. विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५ – २०३० | १३ |
| २.१.२. दिगो विकास लक्ष्य सन् २०१५–२०३० | १३ |
| २.१.३ पेरिस सम्झौता २०१५ : | १३ |
| २.१.४ नयाँ शहरी एजेण्डा २०१६ | १४ |
| २.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना | १४ |
| २.२.१. नेपालको संविधान २०७२ | १४ |
| २.२.२ .विपद् जोखिम न्यूनीकरण नीति २०७५ | १४ |
| २.२.३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ | १५ |

२.२.४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३० १५
२.२.५. नेपालको दिगो विकास लक्ष्यहरु १६
२.२.६.प्रादेशिक कानून, नीति तथा कार्ययोजना १६
२.२.७.विपद् जोखिम न्युनिकरणको लागी नगरपालिकाले गरेको स्थानीय अभ्यास १७
परिच्छेद ३ः
विपद् जोखिम क्षमता र जोखिम विश्लेषण
३.१ प्रकोप पहिचान, नक्साङ्कन तथा स्तरीकरण ः १९
३.२ सङ्कटासन्ता स्तरीकरण २१
३.२.१ ऐतिहासिक समयरेखा विशलेषण फाराम (विगत ३० वर्षको विवरण) २१
३.२.२ प्रकोप, मौसमी पात्रो, तथा बाली पात्रो २१
३.२ .१ प्रकोप पात्रो ः २२
३.३ प्रकोप विश्लेषण २८
३.३.१ सामाजिक स्रोत नक्साङ्कन २८
३.३.२ लक्षित समुह छलफल २९
३.३.३ जोखिम तथा समस्या विश्लेषण ३३
३.४.२ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र ३७
३.५ जोखिम पहिचान तथा विश्लेषण ४२
खण्ड ४ः विपद् जोखिम अनुकुलन योजना
४.१.२ जोखिम न्यूनिकरणका कृयाकलापहरु ५१
परिच्छेद ५
विपद् जोखिम अनुकुलन तथा क्षमता विश्लेषण योजनाको को कार्यान्वयन
अनुगमन,समिक्षा र संसोधन

## शब्द सङ्क्षेप

| | |
|---|---|
| जि.प्र.काः | जिल्ला प्रशासन कार्यालय |
| जि.भू.काः | जिल्ला भू-संरक्षण कार्यालय |
| जि.प्र.काः | जिल्ला प्रहरी कार्यालय |
| जि.व.काः | जिल्ला वन कार्यालय |
| जि.ज.स्वा.काः | जिल्ला जनस्वास्थ्य कार्यालय |
| न.पा. | नगरपालिका |
| न पा स्त वि व्य स | नगरपालिका स्तरिय विपद व्यवस्थापन समिति |
| गै.स.सं. | गैर सरकारी संस्था |
| ने.रे.सो. | नेपाल रेडक्रस सोसाईटी |
| स्वा.से. | स्वास्थ्य सेवा |
| स.प्र.बः | सशस्त्र प्रहरी बल |
| उ.मा.विः | उच्च माध्यमिक विद्यालय |
| मा.विः | माध्यमिक विद्यालय |
| प्रा.विः | प्राथमिक विद्यालय |
| DPRP | District Disaster Preparedness and Response Plan |
| CCA | Climate Change Adaptation |
| NGO | Non Government Organization |
| I/ NGO | International Non Governemnt Organization |
| एल.डि.सि.आर.पि | स्थानीय विपद् तथा जलवायु परिवर्तन उत्थानशिल योजना |
| एल.डि.आर.एम.पि | स्थानीय विपद् जोखिम व्यवस्थापन योजना |
| न.पा. | नगरपालिका |
| आ.व. | आर्थिक वर्ष |
| DRR | Disaster Risk Reduction |
| सा व | सामुदायिक वन |
| जि स स | जिल्ला समन्वय समिती |

# परिच्छेद एक: परिचय

## १ विपद् जोखिमको राष्ट्रिय परिदृष्य:

नेपाल बाढी, पहिरो, भूकम्प, महामारी, आगलागी, हावाहुरी, चट्याङ्ग, असिना, लू, शीतलहर, खडेरी, हिमताल विस्फोट तथा हिमपहिरोको उच्च जोखिममा रहेको मलुक हो । जलवायुजन्य परिवतर्नका कारण पर्ने प्रतिकुल प्रभावबाट पनि नेपाल संवेदनशील अवस्थामा रहेको छ । नेपालको भौगोलिक वनावट र यसबाट सिर्जित परिणाम जो प्रकोपका दृष्टिले अति संवेदनशील तथा जोखिमयुक्त अवस्था रहेको छ । विश्वव्यापी रुपमा भूकम्पीय जोखिमका दृष्टिले नेपाल ११ औं, जलवायु परिवर्तनका जोखिमको दृष्टिले चौथो स्थानमा रहेको (गृह मन्त्रालय २०१५) छ । देशका धेरै जिल्लाहरुमा हरेक वर्ष विभिन्न प्रकारका प्रकोपका घटनाहरु दोहोरिइरहने गर्दछन् र ८० प्रतिशत भन्दा बढी जनसंख्या बाढी, पहिरो, हावाहुरी, असिन्ा, आगलागी, भूकम्प तथा हिमताल विष्फोटन जस्ता बहुप्रकोपहरुको जोखिममा रहेका छन् । समग्र विपद्का हिसाबले नेपाल २० औं विपद् संकटासन्न राष्ट्रको रुपमा सूचीकृत छ (गृह मन्त्रालय २०१७) ।

सन् १९७१ देखि २०१५ सम्मको तथ्याङ्क अनुसार विपद्का कारण नेपालमा ४० हजार भन्दा धेरै मानिसको मृत्यु भएको छ। बिभिन्न विपद्का कारण प्रतिवर्ष औसतमा ९०० जनाको मृत्यु हुनेगरेको, १ लाख ३२ हजार मानिसहरु प्रभावित हुनेगरेको र ३० हजार घरहरुमा क्षति हुनेगरेको र सामान्य अवस्था कुल ग्राहस्थ उत्पादनको २ प्रतिशत विपद्को कारण नोक्सानी हुने गर्दछ । नेपालमा वार्षिक करिब १० हजार सडक दुर्घटना हुने गरेका छन् भने करिब १९०० व्यक्तिको मृत्यु हुने र १३०० मानिसहरु घाइते

**नेपालमा विनासकारी प्रकोपहरु :**

- १९९० सालको भुकम्पबाट ८५९९ जनाको मृत्यु र १८ हजार घरनष्ट ।
- २०४५ सालको भुइचालोबाट ७२१ जनाको मृत्यु र २१७८६ घरहरु पुर्ण रुपमा नष्ट ।
- १९८६ सालमा तानसेनमा, २०२५ सालमा विराटनगरमा र २०६० सालमा ताप्लेजुङ्गमा भएका ठुला आगलागीबाट धेरै धनजनको क्षति ।
- २०२० सालमा विफरबाट १ हजार मानिसको मृत्यु ।
- २०३० र २०३७ सालमालामो खडेरी ।
- २०४४ साल फाल्गुन २९ गते दशरथ रंगसालामा भएको भाग दौडमा ७१ जनाको मृत्यु ।
- २०४४ सालमा नै पाकिस्थान एयरलाइन्स र थाइ एयरलाइन्सका विमान दुर्घटना, सयौ यात्रुको मृत्यु ।
- २००२, २०२५, २०२७, २०२८, २०३१,२०३२, २०३, २०३८,२०४०, २०५०, २०६१ र २०६३ सालमा बाढी पहिरोको कारण मुलुकका विभिन्नभागमा ठुलो क्षति ।
- २०६५ सालभाद्र २ को कोशी वाढीबाट ७५६३ घरधुरी (४२८००) को धनजनको क्षति ।
- २०७२ वैशाख १२ गते घटेको ७.८ म्याग्निच्युडको भूकम्प र त्यसपछिका परकम्पले झण्डै ८ लाख घर भत्किए, ९ हजारको नेपालीहरुको ज्यानगयो ।
- २०५६ सालको वाढी पहिरोले धनजनको क्षति
- २०७६ सालको अविरल वर्षाको कारणले आएको वाढी । पहिरोबाट ठाउँ ठाउँमा जनधनको ठूलो मात्रामाक्षति ।
- २०७७/२०७८को विश्वयापी रुपमा फैलिएको कोभिड १९को महामारीले झण्डै ११९५१ जनाको मृत्यु ।

तथा अङ्गभङ्ग हुने परिदृष्य पछिल्लो तथ्याङ्कले देखाएको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०)।

भूकम्प, बाढी, पहिरो, आगलागी, हावाहुरी, शीतलहर, महामारी, चट्याङ, डुङ्गा दुर्घटना जस्ता विपद्हरु नेपालमा हरेक वर्ष बारम्बार दोहोरिरहने विपद्हरु हुन् । पछिल्लो समय नेपालमा मानव सृजित विपद्का कारण मानवीय क्षति बढीरहेको छ। खासगरी सडक दुर्घटना, महामारी, आगलागी, सर्पदंश जस्ता प्रकोपका कारण मानवीय तथा धनसम्पत्तिको क्षति बढीरहेको छ। दैनिक १७ वटा सडक दुर्घटना हुने र दैनिक ५ जना भन्दा मानिसको मृत्यु हुने गरेको छ (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) । हिन्दुकुश हिमालय क्षेत्रका ८ वटा देशहरुमध्ये बहुप्रकोपको जोखिमका कारण हुने मृत्युदरमा नेपाल बंगलादेश पछि दोश्रो स्थानमा रहेको छ । यस्तो अवस्थाका कारण पनि यहाँ क्षतिको मात्रा वृद्धि हुदै गएको छ (इसिमोड २०१९) । भौगर्भिक रूपमा गतिशील पर्वत श्रृंखला, अस्थिर र अति भिरालो जमिन तथा कमजोर भौगोलिक बनावटका कारण मनसुनको समयमा देशैभरि विभिन्न प्रकारका भौगर्भिक तथा जलवायुजन्य प्रकोपहरू हुने गर्दछन् । करिब ८३ प्रतिशत नेपाल हिमाल तथा पहाडी भू-भागमा र १७ प्रतिशत समतल तराईमा पर्छ । पहाडी भाग पहिरो र भू-क्षयको जोखिममा छ भने तराई र चुरे क्षेत्र बाढी, खडेरी, आगलागी र महामारीको जोखिममा छन् । हिमाली क्षेत्रमा हिमपहिरो र हिमताल विस्फोटनको खतरा छ। पुरै नेपाली भू-भाग सक्रिय भूकम्पीय क्षेत्रमा पर्ने हुनाले पहाडी र हिमाली क्षेत्रका बस्तीहरू उच्च भूकम्पीय जोखिममा छन् । यी विपद् बाहेक देशमा अन्य मानव सृजित विपद्का घटनाहरू पनि हुने गरेका छन् (विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८-२०३०) ।

## १.१ पृष्ठभूमी

जलवायु परिवर्तन एक प्राकृतिक प्रकृया भएपनि विकासक्रम संगै कार्वन उत्सर्जनमा भएको वृद्धिले गर्दा जलवायु तिव्र गतीमा परिवर्तन भइरहेको अध्ययनहरुले देखाइरहेका छन्, जसका कारण विभिन्न प्रकोपहरु घट्ने गरेका छन् । नेपाल जलवायु परिवर्तनको जोखिममा चौथो स्थानमा, जल उत्पन्न प्रकोपको जोखिममा ३० औं स्थानमा र भूकम्पको जोखिमको हिसाबले ११ औं नम्बरमा विश्व मानचित्रमा पर्दछ । जलवायु परिवर्तनको प्रत्यक्ष असर वायुमण्डलीय तापक्रममा वृद्धि र वर्षाको समय तथा मात्रामा विषमता आदिमा देख्न सकिन्छ र यस्ता असरहरुले वर्षेनी नेपालमा बाढी, पहिरो, हावाहुरी, असिना, सुख्खा, खडेरी, तातो हावाको लहरहरु जस्ता घटनाहरु बढि मात्रामा देखिरहेका छन । त्यसैगरि नेपालले भूकम्प जस्तो भयानक प्रकोपबाट पनि समय समयमा ठूलो नोक्सानी व्यहोरदै आएको छ । यसको प्रत्यक्ष असर प्राकृतिक स्रोत, जैविक विविधता र जिविकोपार्जन माथि देखा पर्न थालेको छ । जलवायु परिवर्तनसँगै आएको अनिश्चितता एवं विषमतासँग जुध्ने स्थानीय उपायहरुको प्रभावकारितामा कम हुँदै गइरहेको छ र आगामी दिनमा अझ बढ्ने देखिन्छ । जटिल भू-वनावट, अल्पविकास, अशिक्षा, प्राकृतिक श्रोतको क्षयीकरण र कमजोर आन्तरिक क्षमताका कारणले गर्दा लुम्बिनी साँस्कृतिक नगरपालिका जलवायु परिवर्तनको असरबाट अति जोखिममा रहेको छ । न्यून लगानी, अपर्याप्त सामाजिक एवं भौतिक संरचना र विभिन्न जलवायुजन्य प्रकोपले गर्दा यस क्षेत्रमा चुनौतीहरु थपीने क्रममा तिव्रता अन्य क्षेत्र भन्दा

अगाडि रहेको छ। जलवायु परिवर्तनको असर एउटा विश्वव्यापी समस्या भए पनि यसको असर मुख्यतः अल्प विकसित क्षेत्रमा टड्कारोको रुपमा देखा परेको पाइन्छ। लुम्बिनी साँस्कृतिक नगरपालिका रुपन्देही जिल्लाको पश्चिम भाग वा सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्दछ।

### १.२ लुम्बिनी साँस्कृतिक नगरपालिकाको परिचयः

लुम्बिनी साँस्कृतिक नगरपालिका नेपालको लुम्बिनी प्रदेश अन्तर्गत रुपन्देही जिल्लामा पर्दछ। भौगोलिक हिसाबले ८३ डिग्री १३ मिनेट देखि ८३ डिग्री २० मिनेट पूर्वी देशान्तर र २७ डिग्री २३ मिनेट ४० सेकेण्ड देखि २७ डिग्री ३२ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित लुम्बिनी साँस्कृतिक लुम्बिनी प्रदेशको एउटा प्रमुख पर्यटकिय क्षेत्र हो । सिद्धार्थ गौतम बुद्धको जन्म स्थल लम्बिनी क्षेत्र यस नगरपालिका परिसरमा पर्ने भएकोले यस नगरपालिकाको नामकरण लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको हो । करीब ११२.२१ वर्ग.कि.मी. क्षेत्रपफ्ल रहेको यस नगरपालिकाको उत्तरमा गैडहवा नगरपालिका , पश्चिमतिर कपिलवस्तु जिल्ला, दक्षिणमा सम्मरीमाई नगरपालिका र भारत र पूर्वमा कोटहीमाई र मायादेवी नगरपालिका रहेका छन्। लुम्बिनी साँस्कृतिक नगरपालिकालाई २०७१ बैसाख १५ गते नगरपालिका घोषणा गरिएको थियो । नगरपालिका घोषणा गर्दा साविकका भगवानपुर, लुम्बिनी आदर्श, तेनुहवा, एकला, खुदाबगर, मधुवनी र मसिना गा.वि.स. समावेश गरी जम्मा १८ वडाहरु रहेका थिए भने मिति २०७२ पुष २१ गते साविकको आमा गा.वि.स. समावेश गरि जम्मा २१ वडा कायम गरेको थियो। पफ्री मिति २०७३ पफल्गुन २२ गते नेपाल सरकारको निर्णय अनुसार साविकका वडाहरु २१ वडाहरुलाई घटाएर १३ वडाहरु कायम गरिएको छ। यस नगरपालिकामा ११ वटा माध्यामिक तह, ५० वटा आधारभूत तह र अन्य १४४ गरी जम्मा १८५ वटा शिक्षण संस्थाहरु संचालित छन्। रुपन्देही जिल्लामा नयाँ गठन भएका नगरपालिकाहरुमा धैरै विकासको सम्भावना बोकेको नगरपालिकाको रुपमा लुम्बिनी साँस्कृतिक नगरपालिका रहेको छ। यसका अतिरीत्तफ् सचेत राजनैतिक दल र उत्प्रेरीत नगरवासी समेत यो नगरपालिकाका दरिलो अनि दीगो विकासको श्रोतका रुपमा रहेका छन्। यस नगरपालिकामा विभिन्न जातजाती तथा धर्म मान्नेव्यत्तिफ्हरुको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०७८ को तथ्याङ्क अनुसार कुल जनसंख्या ८७,३८३ रहेका छन् जस मध्ये सबैभन्दा बढी मुसलमान जाति २९,४६१ जना (३३.७ %), दोस्रोमा यादव ११,६४८ ( १३.३%) र तेस्रोमा लोध ७०९५ (८.१%) हरुको बसोबास रहेको छ। यस नगरपालिकामा १३ वडाहरु रहेका छन्। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भनेस्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतको रुपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशत्तिफ् रोजगारी तथा अध्ययनका लागि विदेशिने त्रफ्म अत्याधिक बढिरहेको छ। यस नगरमा आधारभूत देखि उच्च शिक्षासम्म प्रदान गर्ने शैक्षिक संस्था केहि मात्रामा रहेका छन्। अध्ययनका लागि यस नगरका शैक्षिक संस्थाहरुमा स्थानीय विद्यार्थीका अलावा अन्य छिमेकी नगरपालिका बाट समेत आउने गरेका छन्। अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। लोमो समय सम्म स्थानीय निकायमा जनप्रतिनिधिको अभाब, योजनाबद्ध विकास कार्यत्रफ्म कार्यान्वयनमा कठिनाई तथा आवश्यक

आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस नगरपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ । दशैँ, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, त्रिफ्मस आदि यहाँका प्रमुख चाडपर्वको रुपमा रहेको पाईन्छ।

जिल्लाको कुल क्षेत्रफलको यस पालिकामा वर्षाको अनिश्चितता, अधिकान्स आकाशे खेती, अत्यावसकिय मानविय दक्षताको कमि, आधारभूत सेवाहरुको न्यूनता र जीविकोपार्जनको विविध पक्षमा असर पर्ने हुँदा गरिविको रेखा मुनी रहेका मानिसहरुको वसोवास रहेको क्षेत्रमा थप समस्या बढ्दै जाने र परिस्थितिकिय समस्याहरुसँग जुध्न न्यून विकल्प रहने हुँदा गरिविको मारमा रहेका जनतामा पीडा र तनाव बढ्दै जानेछ। विभिन्न परिस्थितिकिय अवस्था वा समग्र जोखिमताको श्रेणीलाइ हेर्दा यस पालिका जोखिममा पर्छ। भुकम्प, पहिरो, आगलागी, हावाहुरी, महामारी यस जिल्लामा प्रतिकूल असर पार्ने र संकटासन्नता बढाउने मूख्य जलवायुजन्य प्रकोपहरु रहेका छन । २०७८ को घरपरिवार सर्वेक्षण अनुसार पालिकामा १३६२१ घरपरिवार, जसमा महिला ४४२१९ पुरुष ४३१६४ गरि जम्मा ८७३८३  रहेको छ। ( श्रोतः जनगडना, २०७८)

## १.२ योजनाको परिकल्पना, ध्येय तथा लक्ष्य

**परिकल्पनाः**

योजनाको परिकल्पना लुम्बिनी साँस्कृतिक नगरपालिकालाई विपद् जोखिमयुक्त नगरपालिकाको रुपमा स्थापित गर्ने रहेको छ। योजनाका विशिष्ट उद्धेश्यहरु निम्न बमोजिम रहेको छ।

**ध्येय :**

यस योजनाको मुख्य ध्येय विपद् जोखिम न्यूनीकरणका कार्यहरुलाई विकासमा मुलप्रवाहीकरण गर्ने र समुदायको हरेक वर्गको जीवनस्तरमा सुधार ल्याई सुरक्षित बाँच्न पाउने अधिकार कायम गर्ने रहेको छ।

**लक्ष्य :**

यस योजनाको लक्ष्य विपद्बाट हुने जनधनको क्षति तथा जोखिमलाई कम गर्नुको साथै सहभागितामुलक प्रक्रियाबाट पहिचान गरिएका मुद्दाहरुलाई योजनाको रुप दिई पुर्वतयारीको कार्यहरु गर्ने, जीविकोपार्जनमा अभिवृद्धि गर्ने र विपद् जोखिम न्यूनीकरणका कार्यलाई विकास योजनाहरुमा मुलप्रवाहीकरण गर्ने रहेको छ।

## १.३ योजनाको  उद्देश्य

विपद् जोखिम व्यवस्थापनका कार्यहरुलाई संस्थागत गरी विपद्का दृष्टिले सुरक्षित समुदायको निर्माण गर्नको लागि स्थानीय तहका आवधिक र वार्षिक कार्यक्रममा समेत मूलप्रवाहीकरण गरी दीगो विकास गर्नको लागि नेपाल सरकार, सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालय निर्माण गरेको "***स्थानीय विपद् तथा जलवायु उत्थानशीलय योजना तर्जुमा निर्देशिका २०७४***" को मस्यौदा अनुसार निर्माण गरिएको छ। यस योजनाको विपद्

पूर्व, विपद्का समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकुल प्रभावको सामना गर्न स्थानीय स्रोतको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचेतना प्रणाली, न्यूनीकरण, रोकथाम कार्य गर्नु र प्रभावित समुदायलाई व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलब्ध गराउनु मूल उद्देश्य रहेको छ।

- ☞ विपद् सम्बन्धी न्यूनतम आधार तथा साझा मापदण्ड निर्धारण गरी नगरपालिका स्तरीय विपद् जोखिम अनुकुलक तथा क्षमता विश्लेषण योजना तर्जुमा गर्ने।
- ☞ नगरपालिका भित्र रहेका विपद्को सङ्कटासन्नता, जोखिम र क्षमता पहिचान तथा विश्लेष्ण गर्ने।
- ☞ विपद् जोखिम व्यवस्थापनका प्राथमिकता प्राप्त कार्यक्रम सहितको योजना तर्जुमा गर्ने।
- ☞ विपद् उत्थानशील समुदायको निर्माणमा योगदान गर्ने।
- ☞ विपद् सँग सामना गर्न सक्ने दक्ष जनशक्ति तयार गर्ने।
- ☞ स्थानीय तहका नीति तथा विकास कार्यक्रममा सबै क्षेत्र र वर्गको समानुपातिक सहभागिता सुनिश्चित गरी विपद् जोखिम व्यवस्थापनलाई संस्थागत गर्न मार्ग प्रशस्त गर्ने।
- ☞ विपद्मा परेका व्यक्ति, परिवार र समुदायलाई तत्काल उद्दार गरी मानवीय सेवा प्रदान गर्ने।
- ☞ विपद्बाट प्रभावित समुदायलाई सुरक्षित र सम्मानजनक जीवनयापनका लागि आधारभूत सहयोग उपलब्ध गराउने।
- ☞ उपलब्ध न्युनतम साधन श्रोतको अधिकतम उपयोग गर्दै आवश्यक पर्ने थप साधन श्रोतको खोजी गरी सरकार र सरोकारवाला निकाय तथा संघसंस्था सँग समन्वय गरी विपद् प्रभावित समुदायलाई सहयोग उपलब्ध गराउने।

### १.४ योजनाको आवश्यकता तथा महत्व

विपद् व्यवस्थापन भित्र गरिने विभिन्न चरणका कार्यहरुलाई व्यवस्थित गर्नका लागि स्थानीय स्तरमा तर्जुमा गरिने विकास योजनाको एउटा प्रमुख भागका रुपमा निरन्तर यो योजना कार्यान्वयन हुन्छ। विपद्को घटना, मानव समुदायका लागि सम्वेदनशील भएकाले यस्तो अवस्था नआओस भन्नाको निम्ति हरेक विकासका कार्यलाई विपद् व्यवस्थापन कार्यसँग समायोजन गरी दीगो विकासका क्रियाकलापमा समुदायको सक्रिय सहभागिता समेतको अपेक्षा गरिएको हुँदा यसले महत्वपूर्ण स्थान ओगटेको हुन्छ । यसकारण यस योजनाको निकै ठूलो महत्व रहेको छ। त्यसैले यस योजनाको आवश्यकता र महत्वलाई अग्रस्थानमा राख्न सकिन्छ। नगरपालिका स्तरीय विपद् जोखिम अनुकुलन तथा क्षमता विश्लेषण ( व्यवस्थापन) मा योजनाका निम्न महत्वले यसको आवश्यकतालाई पुष्टि गर्दछ।

- ☞ नगरपालिकास्तरमा संस्थागत संरचना तयार हुने ।
- ☞ नगरपालिकास्तरीय विपद् जोखिम न्यूनीकरणमा सूचनाको पहुँच रहने।
- ☞ बहुखतरा जोखिम तथा क्षमता विश्लेषणमा समुदायको सहभागिता हुने।
- ☞ नगरपालिकामा तयारी, प्रतिकार्य समुहहरु निर्माण हुने।

- ☞ नगरपालिका स्तरमा विपद् जोखिम अनुकुलन तथा क्षमता विश्लेषण योजना तर्जुमा हुने ।
- ☞ नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरण कोष स्थापना हुने ।
- ☞ समुदायले व्यवस्थापन गरेको श्रोतहरुमा समान पहुँच ।
- ☞ नगरपालिका स्तरमा विपद् जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने ।
- ☞ समुदायमा आधारित पूर्व चेतावनी प्रणालीहरुको स्थापना हुने भएकाले समुदाय सुरक्षित रहन मद्दत पुग्ने ।
- ☞ यस योजनाले विपद् पुर्व, विपद्का समयमा र विपद् पश्चात मानिस माथि पर्ने प्रतिकुल प्रभावको समाना गर्न मद्दत पुरयाउँछ ।
- ☞ स्थानीय श्रोत, साधन तथा क्षमताको अधिकतम उपयोग गर्दै विभिन्न क्षेत्रसँग समन्वय गरी विपद् पूर्वतयारी, पूर्व सचतेना प्रणाली, न्यूनीकरण, रोकथाम गर्नु, र प्रभावित व्यवस्थित, प्रभावकारी, जवाफदेहीयुक्त मानवीय सहयोग उपलध गराउन स्थानीय निकायलाई जिम्मेवार बनाउँछ ।
- ☞ योजनाले विपद्को समयमा मानवीय सहयोगलाई व्यवस्थित गर्ने सुनिश्चितता दिन्छ ।
- ☞ विपद्को जोखिम कम गर्न समुदायलाई हातेमालो गर्ने वातावरण बनाउन प्रेरणा दिन्छ ।
- ☞ पीडित समुदायलाई आफ्नो अधिकार र दायित्वको बारेमा सचेत गराउँछ ।
- ☞ उद्धार र राहत जस्ता कार्यमा पीडित समुदायका समान पहुँच प्रत्याभुति गर्छ ।
- ☞ आपत्कालीन समयमा सूचना र जानकारी प्रक्षेपणलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- ☞ सामाजिक, साँस्कृतिक र स्वास्थ्य प्रवर्द्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ ।
- ☞ खानेपानी, सरसफाई र स्वास्थ्य प्रर्वद्धनका विषयलाई व्यवस्थित गर्न सहयोग गर्छ । ,
- ☞ स्रोतको सही सदुपयोग गरी प्रभावित समुदायलाई प्रकोपको पीडाबाट मुक्ति दिने बाटो तयार गर्छ
- ☞ क्षेत्रगत रुपमा कामको बाँडफाँड हुने हुँदा मानवीय सहयोग पारदर्शी, प्रभावकारी र व्यवस्थित हुनुको साथै सेवाप्रदायकमा जवाफदेही र उत्तरदायित्व भावनाको विकास गराउँछ

## १.५ योजनाको सिमा

योजना तथा कार्यक्रमहरुका आफ्नै महत्व र सीमा हुन्छन् । यस योजनाका पनि महत्वका साथै निम्नअनुसार सीमा पनि रहेका छन् ,

योजनाको कार्यान्वयन स्थानीय निकायहरुले आफ्नो नियमित योजना तर्जुमा प्रक्रियाको अभिन्न अंगको रुपमा गर्ने भएकाले विकास निर्माणसँग सम्बन्धित भएर निरन्तर कार्यान्वयनमा रहने छन् । यो योजना "***स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४***" को मस्यौदाको अनुसार तयार गरिएको छ ।

यस योजनाको कार्यान्वयनको लागि नगरपालिकाले आवश्यक रुपमा जनशक्ति तयार गर्न समय लाग्ने छ र त्यसको लागि श्रोतको खोजी गर्नुपर्ने अवस्था रहन्छ, जुन उपलब्ध हुन्छ नै भने निर्क्यौल गर्न सकिदैन । यस योजनाको कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनका लागि आवश्यक दक्ष जनशक्तिको स्थानीय स्तरमा कम उपलब्धता रहन सक्छ ।

### १.६ योजना तर्जुमा विधि र प्रक्रिया

विपद् जोखिम अनुकुलक तथा क्षमता विश्लेषण योजना तर्जुमा गर्ने कार्यको सन्दर्भमा सम्पादन गरिएका कृयाकलापहरुलाई सामान्यतया निम्नलिखित चार चरणमा वर्गिकरण गरि अध्ययन गरिएका विधिहरु अन्तरगत सन्दर्भ सामग्रीको अध्ययन, तथ्यांक तथा सूचना संकलन, अभिमुखिकरण तथा योजना तर्जुमा कार्यशाला र विश्लेषण र विपद् जोखिम अनुकुलन तथा क्षमता विश्लेषण योजना मस्यौदा तयारी जस्ता विधिहरू प्रयोग गरिएको थियो। अध्ययनका क्रममा अवलम्बन गरिएको विधिहरूलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ः

#### १.४.१ सन्दर्भ सामग्री संकलन तथा अध्ययन



अध्ययन कार्यको प्रथम चरणमा परामर्शदाता समुहबाट विभिन्न स्रोतहरूबाट सन्दर्भ सामाग्रीहरू संकलन तथा पुनरावलोकन गरिएको थियो । यस चरणमा योजना तर्जुमाका लागि पालिकाले प्रकाशन गरेका दस्तावेज, संघ तथा प्रदेश तहहरुबाट स्थानीय विपद् जोखिम न्यूनीकरण कार्ययोजना तर्जुमा दिग्दर्शन २०७८, जस्ता विपद् सम्वन्धी संबैधानिक तथा कानूनी ब्यवस्था, यससँग सम्बन्धित विभिन्न अध्ययन प्रतिवेदनहरु, स्थानीय तहका वार्षिक वजेट तथा कार्यक्रमहरु एबम् प्रकाशनहरु अध्ययन गरिएको थियो । सन्दर्भ सामग्रीको अध्ययनका आधारमा निर्वाचित प्रतिनिधि तथा कर्मचारीहरुको निमित्ति आयोजना गरिने अभिमुखिकरण कार्यक्रमको लागि सामग्रीहरुको तयार गर्न सघाउ भएको । साथै सूचना संकलनको लागि फारामहरुको विकास गर्ने कार्य पनि सन्दर्भ सामग्री अध्ययन सँगसँगै सम्पन्न गरिएको थियो। विपद् जोखिम अनुकुलक तथा क्षमता विश्लेषण योजना तर्जुमा गर्ने सन्दर्भमा अध्ययन तथा पुनरावलोकन गरिएको मूख्य सामाग्रीहरू अनुसूची १ मा दिईएको छ।

#### १.४.२ तथ्यांक तथा सूचना संकलन

यस कार्य अन्तरगत सन्दर्भ सामाग्रीको अध्ययन तथा विश्लेषण पश्चात् परामर्शदाताहरूबाट तथ्यांक तथा सूचना संकलनका लागि आवश्यक फारमहरूको विकास गरिएको थियो।

विपद् जोखिम अनुकुलक तथा क्षमता विश्लेषण योजना तर्जुमा सम्बन्धी कार्यका लागि कार्यशालाबाट प्राप्त गरिने सूचना तथा तथ्यांक र छलफल तथा अन्तरकृयाबाट संकलन गरिने सूचना एबम् तथ्यांक बाहेक कतिपय संस्थागत सूचना तथा तथ्यांकहरु समेत आवश्यक पर्ने हुन्छ। जसका लागी वडास्तरमा जानिफकार व्यक्ति तथा स्थानिय बासिन्दाहरु बाट समेत सूचना संकलन गर्ने कार्य गरियो।

विपद् जोखिम अनुकुलक तथा क्षमता विश्लेषण योजनाको क्रममा सूचना संकलन गर्ने मूख्य क्षेत्रहरु अन्तरगत निम्न विवरण संकलन गरिएको थियो।

→ क्षति तथा विपद् जोखिमको विश्लेषण

→ प्रकोप तथा सोका प्रकारहरुको विश्लेषण

→सम्भावित विपद्का र तिनका कारणहरुको पहिचान

→पहिचान गरिएका जोखिमहरुको गम्भीरता र सम्भावनाको मूल्याकंन

प्रारम्भिक कार्यशाला अगावै उल्लेखित सूचना तथा तथ्यांक संकलन गरिएकोले यस योजना तयारी चरण र छलफलमा सहज भएको थियो।

१.४.३ अभिमुखिकरण तथा कार्यशालाको आयोजना



सन्दर्भ सामग्रीहरुको अध्ययन र तथ्यांक तथा सूचना संकलन पश्चात नगरपालिकामा अभिमुखिकरण तथा कार्यशालामा प्रस्तुत गर्ने विषयबस्तुको चयन, प्रस्तुति सामग्रीको तयारी र कार्यक्रमको मिति, समय र स्थान एबम् कार्यक्रम तालिका निर्धारण पश्चात अभिमुखिकरण कार्यक्रममा अध्यक्ष, उपाध्यक्ष, कार्यपालिकाका सदस्यहरु, विपद् व्यवस्थापन समितिका पदाधिकारीहरु, शाखा प्रमुखहरु समेतलाई आवश्यकता अनुसार सम्लग्न गराई अभिमुखीकरण करीब चार देखि पाँच घण्टा सम्म भएको थियो। अभिमुखिकरण कार्यक्रमको प्रस्तुतिमा विपद्, तथ्याकं संकलनको विस्वनियता, योजना तयारीमा थप आवश्यकिय तथ्याकं तथा सूचना संकलन दोस्रो प्रस्तुति अन्तरगत कार्यशालामा सहभागिहरुलाई निम्न चारवटा समूह विभाजन गरी समूह अभ्यास गराई योजना तयारी गरियो। समुहगत छलफलका विषयबस्तु निम्न रहेका थिएः

समूह १ : विपद् जोखिमको स्थानीय अवस्था

समूह २ : सूचक निर्धारण

समूह ३ : सम्भाब्य योजनाहरु

समुह ४ : अनुगमन सयन्त्र सम्बन्धी

यसरी छलफलबाट प्राप्त सूचनाहरुलाई योजना तयारीका चरणमा राखिएको छ। अभिमुखीकरणको फोटाहरु र उपस्थित विवरण अनुसूची ३ मा राखिएको छ।

१.४.४ मस्यौदा कार्ययोजना तयारी

समूहगत छलफल, अध्ययनबाट प्राप्त तथ्यांक तथा सूचनाहरूलाई विभिन्न तथ्यांकीय औजारहरू तथा विधिहरूको प्रयोग गरी विश्लेषण गरिएको छ। यसरी विभिन्न विधिहरूबाट विश्लेषण गरी प्राप्त नतिजा तथा जानकारीहरूलाई तालिकामा प्रस्तुत गरी योजनाको प्रारम्भिक मस्यौदा तयार गरिएको हो।

१.४.५ मस्यौदा कार्ययोजना सम्बन्धीत पक्ष समक्ष पेश

मस्यौदा प्रतिवेदन कार्यक्रमका मूख्य सरोकारवालापक्षहरू नगरपालिका लगायत सहयोगी निकाय समक्ष आवश्यक सुझाव तथा सल्लाहका लागि पेश गरिएको थियो । यस क्रममा नगरपालिकाका सूचना शाखा लगायत अन्य सम्बद्ध पक्षहरुलाई समेत मस्यौदा प्रतिवेदन उपलब्ध गराई आवश्यक सल्लाह तथा सुझावहरु संकलन गरिएको थियो ।

१.४.६ प्रतिवेदनको अन्तिम रुप

लुम्बिनी साँस्कृतिक नगर कार्यपालिका, सरोकारवालापक्षहरूले मस्यौदा प्रतिवेदन अध्ययन गरी सुझाव तथा सल्लाहहरू प्रदान गर्नुभएको थियो । यसरी प्राप्त सान्दर्भिक सुझाव तथा सल्लाहहरूलाई प्रतिवेदनमा समावेश गरी यो अन्तिम अध्ययन प्रतिवेदन तयार गरिएको हो ।




## १.७ योजना कार्यान्वयन रणनीति

### !=&=+=! of]hgfsf] :jLs[ltM

नगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिबाट भएको नगरपालिका स्तरीय विपद् जोखिम अनुकुलन तथा क्षमता विश्लेषण योजनालाई नगरपालिकाले आवश्यक प्रक्रिया पूरा गरी नगर सभाबाट स्वीकृत गराइने छ ।

### १.७.२ बजेट व्यवस्थाः

१.७.२.१ नगरसभामा स्वीकृत योजना भएकोले निर्धारण प्राथमिकता प्राप्त क्रियाकलापहरु सञ्चालनको लागि नगरपालिकाले आफ्नो क्षमताले भ्याएसम्म बजेट विनियोजन गर्नेछ ।

१.७.२ योजना कार्यान्वयनको लागि नगरपालिकाले जिल्ला विपद् व्यवस्थापन समिति, जिल्ला समन्वय समिति, विषयगत कार्यालय, नेपाल रेडक्रस सोसाइटी, राष्ट्रिय तथा अन्तराष्ट्रिय गैरसरकारी संस्था तथा दातृ निकाय समेतको समन्वय र सहयोगमा बजेटको व्यवस्थापनमा पहल गर्नेछ।

### १.७.३ योजना कार्यान्वयन :

१.७.३.१ नगरपालिकाले स्वीकृत विपद् जोखिम अनुकुलन तथा क्षमता विश्लेषण योजना विपद् जोखिम व्यवस्थापन समिति मार्फत कार्यान्वयन गराउन प्राथमिकता दिनेछन्।

.१.७.३.२ नगरपालिका स्तरीय विपद् व्यवस्थापन समितिले स्वीकृत योजना विषयगत कार्यालय, समुदाय सङ्घसंस्था तथा निजी क्षेत्र एवं समुदायमा आधारित विपद् व्यवस्थापन समिति समेतको सहयोग लिई कार्यान्वयन गर्नेछ।

# परिच्छेद दुई

## विपद् जोखिम सम्बन्धी कानूनी तथा नीतिगत व्यवस्था

### २.१ अन्तर्राष्ट्रिय कार्यढाँचा तथा रणनीतिहरु

#### २.१.१. विपद् जोखिम न्यूनीकरणका लागि सेण्डाई कार्यढाँचा सन् २०१५ – २०३०

सेण्डाई कार्यढाँचाले विपद जोखिम न्यूनीकरणका लागि निर्धारण गरेका विश्वव्यापी सातवटा लक्ष्ययहरुमा विश्वव्यापी रुपमा विपदबाट हुने मृत्युदर उल्लेख्य रुपमा कम गर्ने, विपद्बाट प्रभावित हुने जनसंख्या उल्लेख्य रुपमा कम गर्ने, विपद्को कारणबाट हुने आर्थिक क्षति उल्लेख्य रुपमा घटाउने, विपद्बाट हुने संवेदनशील पूर्वाधारको नोक्शानी घटाउने, विपद् जोखिम न्यूनीकरण राष्ट्रिय तथा स्थानीय रणनीति भएका देशहरुको संख्या बढाउने र बहुप्रकोप पूर्वसूचना प्रणाली र विपद् जोखिम सम्बन्धीसूचनाको पहुँच र उपलब्धता बढाउने रहेका छन् । उपरोक्त लक्ष्य हासिल गर्नका लागि चारवटा प्राथमिकताहरु विपद् सम्बन्धी बुझाई, विपद् जोखिमन्यूनीकरणलागि सबलीकृत विपद् जोखिम सुशासन्, विपद् जोखिम न्यूनीकरणमा लगानी प्रवद्धन गर्ने, पुर्नस्थापना र पुननिर्माणका क्रियाकलापहरुमा अझ राम्रो अझ बलियो निर्धारण गरेको छ ।

#### २.१.२. दिगो विकास लक्ष्य सन् २०१५–२०३०

दिगो विकास लक्ष्य २०१५–२०३० उत्थानशील विकासका लागि विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका विषयलाई विकास लक्ष्यमा समावेश गरिएको दस्तावेज हो । दिगो विकास लक्ष्यमा विपद् जोखिम न्यूनीकरणको सवाल विभिन्न क्षेत्रसँग सम्बन्धित लक्ष्यहरुमा समावेश भएका छन् । दिगो विकासका १७ लक्ष्यहरुमध्ये १० वटा र ६९ वटा प्रमुख सूचक मध्ये २५ वटा सूचकहरु विपद् जोखिम न्यूनीकरण र उत्थानशीलतासँग सम्बन्धित छन् । दिगो विकास लक्ष्यले जोखिमका अर्न्तनिहित कारणहरुलाई क्षेत्रगत र नियमित विकास प्रयास मार्फत सम्बोधन गरेर जोखिम सुसूचीत विकास र उत्थानशील भविष्यको सुनिश्चितता गर्दछ भने सेण्डाई कार्यढाँचाले अघि सारेका सातवटा लक्ष्यले विश्वव्यापी लक्ष्यमार्फत विपद्बाट हुने मानवीय, आर्थिक र पूर्वाधारको क्षति तथा नोक्सानीलाई घटाउँदै विकासको दिगोपनालाई सुनिश्चित गर्न मद्धत गर्दछ ।

#### २.१.३ पेरिस सम्झौता २०१५ ः

डिसेम्बर २०१५ मा फ्रान्सको पेरिसमा पक्ष राष्ट्रहरुको २१ औं सम्मेलन सम्पन्न भयो। यस सम्मेलनले दिगो विकास तथा गरिवी निवारण गर्ने प्रयासका सन्दर्भमा जलवायु परिवर्तनका जोखिम बिरुद्ध चालिने विश्वव्यापी उपायहरु प्रश्तुत गऱ्यो । जसलाई पेरिस सम्झौताको नामले चिनिन्छ । जलवायु परिवर्तनको जोखिम तथा असरलाई उल्लेखनीय रुपमा घटाउने कुरालाई आत्मासात गर्दै विश्वव्यापी औसत तापक्रममा हुने बृद्धिलाई पूर्व औद्योगिक तहभन्दा माथि १.५ डिग्री सेल्सियसमा सिमित राख्न प्रयास गर्ने, खाद्य उत्पादनमा कमी हुन नदिने, गरि जलवायु परिवर्नका प्रतिकुल प्रभावहरुलाई अनुकुलन गर्ने क्षमता अभिबृद्धि गर्ने र न्यून हरितगृह ग्यास उत्सर्जन तथा जलवायु समानुकुलन विकासमूलक कार्यप्रणाली अनुरुप लगानी प्रवाह गर्ने उद्देश्य लिएको पेरिस सम्झौताले जलवायु

परिवर्तनका कारण हुने क्षति तथा नोक्सानीलाई सम्बोधन गर्दै यसको न्यूनीकरणका लागि पूर्व सूचना प्रणाली, आपत्कालीन प्रतिकार्य र जोखिम हिस्सेदारीमा सहकार्य गर्दै जलवायु जोखिम न्यूनीकरणका विषयवस्तुलाई प्राथमिकतामा राखेको छ । मानवीयताका लागि एजेण्डा सन २०१६ मा टर्कीको स्ताम्बुलमा भएको विश्व मानवीयतासम्बन्धी सम्मेलनले पाँचवटा प्रमुख दायित्व सहित मानवीयताका लागि एजेण्डा (Agenda for humanity) पारित गऱ्यो । यस एजेण्डाले मानवीय सहायताका लागि गरिने कार्य र विकास कार्यलाई जोड्ने नयाँ मार्ग प्रसस्त गरेको छ। यस एजेण्डामा उल्लेख गरिएका पाँच वटा प्रमुख दायित्व मध्ये मानवीयताका लागि लगानी (Invest in humanity) र कोही पछि नहोस (Leave no one behind) रहेका छन । यसले मानवीय सहायताका लागि काम गर्ने स्थानीय संस्था र प्रणालीलाई बलियो बनाउन जोड दिएको छ।

### २.१.४ नयाँ शहरी एजेण्डा २०१६

सन २०१६ को अक्टोबरमा आवास तथा दिगो शहरी विकासका लागि संयुक्त राष्ट्र संघीय सम्मेलनमा अबलम्बन गरिएको नयाँ शहरी एजेण्डा (New urban agenda) ले विश्वको बढ्दो शहरीकरण र शहरी जोखिमलाई दृष्टिगत गरि विपद् जोखिम न्यूनीकरण र व्यवस्थापन, संकटासन्नता घटाएर उत्थानशीलता निर्माण तथा जलवायु परिवर्तनको अनुकुलन र अल्पीकरणलाई शहरी विकासका लागि प्राथमिकताको रुपमा ग्रहण गरि उत्थानशील निर्माण, जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनलाई बढवा दिने शहरहरुको परिकल्पना गरेको छ।

## २.२ विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका लागि राष्ट्रिय कानून नीति तथा कार्ययोजना

### २.२.१. नेपालको संविधान २०७२

नेपालको संविधानमा अनुसूची ८ ले स्थानीय तहको एकल अधिकारको सूचीका २२ बुँदामध्ये एउटा बुँदामा विपद् व्यवस्थापन रहेको छ । अनुसूची ९ मा संघ,प्रदेश र स्थानीय तहको अधिकारको साझा सूचीमा विपद् व्यवस्थापनलाई राखिएको छ। यसरी नेपालको वर्तमान संविधानले विपद् व्यवस्थापनसँग सम्बन्धित विषयलाई तीनवटै तहको साझा अधिकार क्षेत्रको रुपमा परिभाषित गरेको छ।

### २.२.२ .विपद् जोखिम न्यूनीकरण नीति २०७५

यस नीतिमा सेण्डाई कार्यढाँचा, दिगो विकासका लक्ष्यहरु,जलवायु परिवर्तन सम्बन्धी पेरिस सम्झौता लगायतका अन्तर्राष्ट्रिय सन्धि सम्झौता एवं राष्ट्रिय आवश्यकता महशुस गरी विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा उत्थानशील राष्ट्रको निर्माण गर्दै दिगो विकासमा योगदान पुर्याउने दीर्घकालीन सोचका साथ विपद् जोखिम न्यूनीकरण नीति २०७५ लागु भएको छ। यस नीतिको योजनाबद्ध कार्यान्वयनका लागि तीनै तह संघ,प्रदेश र स्थानीय तहमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन रणनीतिक कार्ययोजनाका साथै आवधिक, वार्षिक तथा आकस्मिक योजना तर्जुमा गरी कार्यान्वयन गरिने विषयगत मन्त्रालय,सार्वजनिक निकायहरु,विकास साझेदार तथा निजी क्षेत्रको कार्यक्रम तर्जुमा एवं लागु गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइने, प्रदेश तथा स्थानीय सरकारका आवधिक तथा वार्षिक योजना तथा कार्यक्रम तर्जुमा एवं कार्यान्वयन गर्दा यस नीतिलाई मार्गदर्शनको रुपमा लिइनेछ।

### २.२.३. विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५)

यस ऐनले विपद जोखिम न्यूनीकरण र व्यवस्थापनका सबै चरणहरुलाई बृहत रुपमा समेटेको छ र दोश्रो कुरा संघीय संविधानको मर्म अनुरुप विपद् व्यवस्थापनको तहगत संरचना निर्धारण गरिएको छ। जसमा केन्द्रमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय परिषद र कार्यकारी समिति, प्रदेशमा प्रदेश विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन परिषद र कार्यकारी समिति, जिल्लामा जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरिएको छ । तेश्रो कुरा नियमित र रणनीतिक रुपमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको कार्य गर्न र विपद् जोखिम सुसूचीत विकास योजनाको कार्यान्वयन मार्फत उत्थानशीलता विकास गर्नको लागि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन राष्ट्रिय प्राधिकरण स्थायी संरचनाको प्रादुर्भाव भयो । त्यसैगरी यस ऐनले तीनवटै तहका सरकारलाई विपद् व्यवस्थापन कोष व्यवस्थापन र सञ्चालन गर्ने र राहत व्यवस्थापन र वितरण गर्ने अधिकार प्रत्यायोजन गरेको छ। संघ,प्रदेश र स्थानीय तीनवटै सरकारलाई विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन सम्बन्धी दीर्घकालीन, मध्यकालीन तथा अल्पकालीन नीति, रणनीतिक योजना तथा कार्यक्रम तर्जुमा गरि कार्यान्वयन गर्ने गराउने अधिकार प्रदान गरेको छ।

### २.२.४. विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय रणनीतिक कार्ययोजना २०१८–२०३०, सेण्डाई कार्यढाँचा २०१५–२०३० लगायतका अन्तर्राष्ट्रिय प्रतिबद्धताको जगमा उभिएर निर्माण गरिएको छ । यसमा संघ, प्रदेश तथा स्थानीय सरकारका सबै सरोकारवालासंघ संस्थाहरु, समूदायहरु अन्तर्राष्ट्रिय संघसंस्थाहरुको सहभागिता र सहयोगमा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनको काम गरिने उल्लेख छ। र सवै तहका सरोकारवाला निकायहरुको पूर्ण सहभागिता सार्वजनिक र निजी क्षेत्रका सरोकारवालाहरुको जिम्मेवारीमा स्पष्टता, जवाफदेहिता, कार्यान्वयनमा सक्रीय संलग्नता, साझेदारी सुनिश्चित गरिने। त्यसैगरी स्थानीय तह तथा समूदायलाई श्रोत साधन तथा निर्णय गर्ने जिम्मेवारी मार्फत विपद् जोखिम न्यूनीकरण तथा सशक्तिकरण गरिने। विपद् जोखिम न्यूनीकरणका लागि बहुप्रकोप अवधारणा तथा विज्ञानमा आधारित विपद् सम्बन्धी तथ्याङ्कको सहज उपलब्धता, खुला आदानप्रदानको माध्यमबाट समावेशी जोखिम सूचना एवं जानकारीमा आधारित निर्णय गरिनेछ। जोखिमका स्थानीय र विशिष्ठ विशेषतालाई बुझी जोखिम न्यूनीकरणका उपायहरु अवलम्बन गरिने जस्ता कुराहरु मार्गदर्शक सिद्धान्तको रुपमा राखिएको छ। यस रणनीतिक कार्ययोजनाको उद्देश्य विपद्बाट जीवन तथा धनसम्पत्ति, स्वास्थ्य, जीविकोपार्जन तथा उत्पादनका साधनहरु भौतिक एवं सामाजिक पूर्वाधार, साँस्कृतिक एवं वातावरणीय सम्पदामा हुने क्षतिको उल्लेख्य रुपमा न्यूनीकरण गर्न विभिन्न रणनीतिक कृयाकलापको पहिचान गरी आवधिक तथा वार्षिक योजना तर्जुमा गरी कार्यान्वयन गर्दै विपद जोखिम न्यूनीकरण, रोकथाम, पूर्वतयारी, प्रतिकार्य तथा पुनर्स्थापना र पुनर्निर्माणको सुदृढीकरण र उत्थानशीलता अभिवृद्धि गरी विद्यमान विपद् जोखिम तथा क्षतिको न्यूनीकरण र नयाँ जोखिमको रोकथाम गर्नु रहेको छ। विकास प्रकृयामा विपद् जोखिम न्यूनीकरणलाई मूलप्रवाहीकरण गरी दिगो विकासमा सहयोग पुर्याउन समष्टिगत अवधारणालाई आत्मसाथ गर्दै सेण्डाई कार्यढाँचालाई मूल मार्गदशनको रुपमा लिएर ४ वटा प्राथमिकता प्राप्त क्षेत्रहरु र १८ प्राथमिकता प्राप्त कार्यहरु निर्धारण गरेको छ।

### २.२.५. नेपालको दिगो विकास लक्ष्यहरु

नेपालले दिगो विकास लक्ष्यहरु विश्वव्यापी दिगो विकासका लक्ष्यहरुलाई अधारमानी कार्यान्वयन गर्नकालागि तय गरेको छ। आर्थिक विकास, सामाजिक समानता र वातावरणीय संतुलनका तीनवटा आयामहरुमा आधारित दिगो विकासको अवधारणमा तयार भएको दिगो विकास लक्ष्यले यसका विभिन्न परिमाणात्मक लक्ष्यभित्र विपद् जोखिम न्यूनीकरणका सूचकहरु समेटेको छ। गरीबी र संकटासन्न अवस्थामा रहेका मानिसहरुको उत्थानशीलता निर्माण गर्ने र यस्ता मानिसहरुको वातावरणसँग सम्बन्धित विषम घटनाहरुका साथै अन्य आर्थिक,सामाजिक र वातावरणीय नकारात्मक पक्षहरु, विपद्का जोखिमहरु र कमजोरपनालाई कम गर्ने। विपद्का कारण मृत्यु हुने बेपत्ता भएका ब्यक्तिहरुको संख्या उल्लेख्य रुपमा घटाउने, विपद्को कारण राष्ट्रिय कुल ग्राहस्थ उत्पादनमा भएको प्रत्यक्ष आर्थिक क्षति घटाउने, राष्ट्रिय विपद् जोखिम न्यूनीकरण रणनीति अनुरुप स्थानीय विपद् जोखिम न्यूनीकरण रणनीतिहरु लागु गर्ने स्थानीय सरकारको अनुपात बढाउने जस्ता विपद् जोखिम न्यूनीकरण रणनीतिक कार्ययोजनाका सूचकहरु समेत समेटिएको छ। यसरी नेपालले दिगो, उत्थानशील विकास र जोखिम न्यूनीकरणका लागि राष्ट्रिय तहमा रणनीति र कार्ययोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइसकेको छ (राष्ट्रिय योजना आयोग २०७६)।

### २.२.६.प्रादेशिक कानून, नीति तथा कार्ययोजना

अधिकार बाडफाँड सम्बन्धमा नेपालको संविधान २०७२ को अनुसूचि ९ ले विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेपछि विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७४ (पहिलो संशोधन २०७५) ले प्रदेशमा प्रदेश विपद् व्यवस्थापन परिषद र प्रदेश कार्यकारी समिति रहने व्यवस्था गरेको छ। प्रदेश विपद् व्यवस्थापन समितिको काम, कर्तब्य र अधिकार अन्तर्गत १९ वटा जिम्मेवारीहरु तोकेको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालय प्रदेश सरकारको विपद् जोखिम व्यवस्थापनको फोकल मन्त्रालय हो। लुम्बिनी प्रदेशले विपद व्यवस्थापनसँग सम्बन्धित कार्यलाई व्यवस्थित गर्नका लागि तयार गरीएका विद्यमान प्रावधानहरु विपद् जोमि न्यूनीकिराण तगा व्यवस्थापन, २०७४(प्रथम संशोधन २०७५), विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन नीति, २०७५, विपद् जोमि न्यूनीकरण तथा व्यवस्थापन रणनितिक कायियोजना, २०१८-२०३०, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७५, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७७, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, नीति, २०७७, विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन कार्ययोजना, २०१८-२०३०, प्रदेश विपद् ब्यिस्थापन कार्य संचालन निर्देशिका २०७६, प्रदेश विपद् व्यवस्थापन कोष सञ्चालन तथा खर्च कार्यविधि, कोरोना जस्ता ऐन, नियमावली तथा कार्यविधी बनाई कार्यन्व्ययन गरेको छ। आन्तरिक मामिला तथा कानून मन्त्रालय अन्तर्गत विपद् व्यवस्थापन शाखा, प्रदेश आपतकालीन कार्यसञ्चालन केन्द्र सञ्चालित छन् भने मानविय सहयाता केन्द्र स्थापना गरी विपद् जोखिम न्युनिकरण तथा व्यवस्थापन गरीरहेको छ।

### २.२.७.विपद् जोखिम न्युनिकरणको लागी लुम्बिनी साँस्कृतिक नगरपालिकाले गरेको स्थानीय अभ्यास

नेपालको संविधान २०७२ मा अनुसूचि ८ र ९ मा एकल र साझा अधिकार बाँडफाँड सम्बन्धी विपद् व्यवस्थापन तीनवटै तहको साझा अधिकारको रुपमा सूचीकृत गरेको छ। विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन

२०७४ (पहिलो संशोधन २०७५) ले नगरपालिका वा गाउँपालिका तहमा स्थानीय विपद् व्यवस्थापन समिति रहने व्यवस्था गरेको छ भने विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली २०७६ ले स्थानीय विपद् व्यवस्थापन समितिले वडास्तरमा विपद् पूर्वतयारी तथा प्रतिकार्य समिति गठन गरी कार्य सञ्चालन गर्नसक्ने व्यवस्था गरेको छ। लुम्बिनी साँस्कृतिक नगरपालिका क्षेत्रभित्र बाढी, डुवान, आगलागी, बालिमा लाग्ने रोग किरा, हावाहुरी, असिना, सुख्खा खडेरी, चटयाङ, महामारी, सडक दुर्घटना, जस्ता विपद्का घटनाहरुका कारण जनधनको क्षति न्यूनीकरण गर्ने सन्दर्भमा श्रृजित कानूनी अड्चन पन्छाउँदै विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन २०७६, विपद् व्यवस्थापन कोष संचालन कार्यविधि २०७७, आपतकालिन कार्य संचालन केन्द्र कार्य संचालन कार्यविधि, २०७७, विपद् जोखिम न्यूनीकरण स्थानीय कार्य मञ्चको संचालन मार्गदर्शन, २०७७ जारी गरी कार्यान्वयन गरेको छ।

लुम्बिनी सास्कृतिक नगरपालिकाको विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनले नगर विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारहरु निर्धारण गरेको छ। त्यसैगरी वडा स्तरीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकार, सुरक्षा निकाय तथा अन्य सरकारी तथा गैरसरकारी निकायहरुको परिचालन, नगर विपद् व्यवस्थापन कोषको व्यवस्थापन र परिचालन जस्ता सवालहरुलाई समेटेको छ। वातावरण विपद् शाखालाई व्यवस्थित बनाउनको लागी वातावरण विपद व्यवस्थापन समिति र वातावरण विपद् व्यवस्थापन शाखा र उपशाखा बनाई विपद् फोकल व्यत्ति तोकि विपद व्यवस्थापनको आवस्यक कर्मचारीहरुको व्यवस्थापन र परीचालन गरीएको छ। नगरपालिकामा विपद् व्यवस्थापन शाखा अन्तरगत रहने गरी स्थानीय आपतकालिन कार्य संचालन केन्द्र निर्माण गरी उपरोक्त कार्यहरुलाई प्रभावकारी रुपले परिचालन गर्ने गराउने अख्तियारी प्रदान गर्नुका साथै आपतकालिन कार्य सञ्चालन केन्द्रको कार्य सञ्चालन विधि बनाई आवस्यक सामाग्रीहरुको व्यवस्थापन सहित आपातकालिन कार्यसञ्चालन केन्द्रलाई सक्रिय रुपमा कार्यन्वयन गर्न केन्द्र प्रमुख तथा उपप्रमुख तोकि परीचालन गरीएको छ। लुम्बिनी साँस्कृतिक नगरपालिकाले उत्थानसिल नगर बनाउनउको लागी जोखिम संवेदनसिल भुउपयोग निति, योजना र भौतिक तथा भवन निर्माण मापदण्ड, विपद् जोखिम न्युनिकरणका गतिविधिहरुलाई अगाडी बढाएको छ। साथै प्रत्येक वर्ष विपद पुर्वतयारी तथा प्रतिकार्य योजना बनाई अध्यावधि गर्दै कार्यन्वयन गर्ने गरीएको छ। लुम्बिनी साँस्कृतिक नगरपालिकले विपद्को अवस्थालाई पहिचान गरी कार्यक्रम तयार गर्नको लागी विपद जोखिम व्यवस्थापन अनुक्रमणिकाका आधारमा आत्म मुल्याँकन गर्ने गरीएको छ।

# परिच्छेद तीन

## विपद् जोखिम क्षमता र जोखिम विश्लेषण

### ३.१ प्रकोप पहिचान, नक्साङ्कन तथा स्तरीकरण :

लुम्बिनी साँस्कृति नगरपालिकाको १३ वटै वडाहरु सहित बस्तीस्तरका प्रतिनिधीहरु स्थानीय बुद्धीजीविहरु, ज्येष्ठ नागरिक, स्थानीय संघसंस्थाका प्रतिनिधि तथा सरोकारवालाहरुको सहभागितामा के कस्ता प्रकोपहरु छन् र त्यसमध्ये कुन प्रकोप मुख्य समस्याको रुपमा रहेको छ भनेर जोडी तुलना विधिबाट वडाको स्तरीकरण गरिएको थियो। जुन यस प्रकार रहेको छ।

**वडा स्तरीय प्रकोप स्तरीकरणमा देखिएका प्रकोपहरु**

| वडा | लुम्बिनी नगरपालिकाको वडाहरुको प्रकोप तथा प्रकोपको स्तरीकरण | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | पहिलो | दोस्रो | तेश्रो | चौथो | पाँचौ | छैटौ | सातौ | आठौ | नवौ | दशौ |
| | बाढी | खडेरी | कृषि तथा पशुमा लाग्ने रोग | आगलागी | हावाहुरी | महामारी | सर्पदंश | सडक दुर्घटना | असिना | भुकम्प |
| १ | ७ | ५ | १ | ४ | ९ | ३ | ६ | २ | ८ | १० |
| २ | ८ | ४ | १ | ३ | ६ | ७ | ५ | २ | ९ | १० |
| ३ | ९ | ५ | १ | २ | ७ | ६ | ४ | ३ | ८ | १० |
| ४ | १ | ३ | २ | ४ | ९ | ७ | ५ | ८ | ७ | १० |
| ५ | ९ | २ | १ | ३ | ८ | ६ | ७ | ४ | ५ | १० |
| ६ | ८ | ६ | १ | ५ | ९ | २ | ४ | ३ | ७ | १० |
| ७ | ७ | २ | १ | ३ | ८ | ७ | ५ | ९ | ४ | १० |
| ८ | ८ | २ | १ | ३ | ७ | ४ | ९ | ५ | ६ | १० |
| ९ | ८ | ७ | १ | ५ | ६ | २ | ९ | ४ | ३ | १० |
| १० | ९ | २ | १ | ८ | ७ | ३ | ४ | ५ | ६ | १० |
| ११ | ९ | १ | २ | ३ | ८ | ७ | ६ | ५ | ४ | १० |
| १२ | ७ | २ | १ | ६ | ८ | ३ | ४ | ५ | ९ | १० |
| १३ | १ | ३ | २ | ६ | ८ | ४ | ७ | ५ | ९ | १० |

वडामा गरिएको स्तरीकरणको आधारमा लुम्बिनी साँस्कृतिक नगरपालिकाको मुख्य प्रकोपहरु निम्न रहेका छन् । १) भुकम्प २) बाढी ३) सडक दुर्घटना ४) खडेरी ५) हावाहुरी ६) असिना ७) आगलागी ८)सर्पदंश ९) कृषि तथा पशुमा लाग्ने रोग १०) महामारी । वडाको स्तरीकरण पश्चात वडाहरुको प्रकोपको स्तरीकरणलाई मध्यनजर गर्दै लुम्बिनी साँस्कृतिक नगरपालिकामा के कस्ता प्रकोपहरु छन् र त्यस मध्ये कुन प्रकोप मुख्य समस्याको रुपमा रहेको छ भनेर जोडी तुलना विधिबाट लुम्बिनी साँस्कृतिक नगरपालिकाको स्तरीकरण गरिएको छ ।

| प्रकोप | भुकम्प | बाढी | सडक दुर्घटना | महामारी | कृषि तथा पशुमा लाग्ने रोग | खडेरी | हावाहुरी | सर्पदंश | आगलागी | असिना |
|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | X | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प | भुकम्प |
| बाढी | X | X | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| सडक दुर्घटना | X | X | X | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना | सडक दुर्घटना |
| महामारी | X | X | X | X | महामारी | महामारी | महामारी | महामारी | महामारी | महामारी |
| कृषि तथा पशुमा लाग्ने रोग | X | X | X | X | X | कृषि तथा पशुमा लाग्ने रोग | कृषि तथा पशुमा लाग्ने रोग | कृषि तथा पशुमा लाग्ने रोग | कृषि तथा पशुमा लाग्ने रोग | कृषि तथा पशुमा लाग्ने रोग |
| खडेरी | X | X | X | X | X | X | खडेरी | खडेरी | खडेरी | खडेरी |
| हावाहुरी | X | X | X | X | X | X | X | हावाहुरी | हावाहुरी | हावाहुरी |
| सर्पदंश | X | X | X | X | X | X | X | X | सर्पदंश | सर्पदंश |
| आगलागी | X | X | X | X | X | X | X | X | X | आगलागी |
| असिना | X | X | X | X | X | X | X | X | X | X |
| **अंकभार** | **१०** | **९** | **८** | **७** | **६** | **५** | **४** | **३** | **२** | **१** |
| **स्तर** | **१** | **२** | **३** | **४** | **५** | **६** | **७** | **८** | **९** | **१०** |

नोटः नेपाल भुकम्पको उच्च जोखिममा रहेको मुलुक हुँदा प्रकोप स्तरीकरण गर्दा भूकम्पलाई तुलनामा नराखी पहिलो नम्बरको प्रकोपको रुपमा राखी योजना तर्जुमा गरीएको छ ।

यस लुम्बिनी साँस्कृतिक नगरपालिकाको प्रकोपको स्तरीकरण गरी विश्लेषण गर्दा भूकम्प पहिलो, दोश्रो बाढी, तेश्रो सडक दुर्घटना, चौथो महामारी, पाँचौ कृषि तथा पशुमा लाग्ने रोग, छैटौ खडेरी, सातौ हावाहुरी, आठौ सर्पदंश, नवौ आगलागी, दशौ असिना रहेको छ। यसका साथै नगरपालिका मा अन्य गैर प्राकृतिक विपद्को रुपमा सडक दुर्घटना, तथा विद्युतीय दुर्घटना पनि हुने गरेको देखिन्छ। यसै गरि यस नगरपालिकामा सुख्खा खडेरीको क्रमहरु बढ्दै गएको, पानीको सिंचाई न्यून रहेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्याधिक पर्ने गरेको, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायुजन्य समस्या देखिएको छ।

## ३.२ सङ्कटासन्नता स्तरीकरण

### ३.२.१ ऐतिहासिक समयरेखा विशलेषण फाराम (विगत ३० वर्षको विवरण)

यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा विगतमा कुन प्रकोपबाट कस्तो थियो भन्ने जानकारी लिन विपद्को ऐतिहासिक समयरेखा तयार गरिएको छ। यस विधिको प्रयोग गर्दा विशेष गरी ज्येष्ठ नागरिक स्थानीय समुदायसँग छलफल गरिएको छ। यसबाट प्रकोपको दोहोरिने प्रवृत्ति त्यसले पुरयाउने भौतिक, सामाजिक, आर्थिक, मानवीय, वा प्राकृतिक क्षति तथा प्रभावको बारेमा जानकारी एकीकृत गर्न सकिन्छ र विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप र कार्य समय निर्धारण गर्ने आधार बनाउन सहज हुन्छ।

**तालिकाः लुम्बिनी साँस्कृतिक नगरपालिकाका प्रकोपको ऐतिहासिक समय रेखा**

ऐतिहासिक समय रेखाको सूचनालाई हेर्ने हो भने भुकम्पले विगतका वर्षहरुमा सामान्य मात्र क्षति गरेको भएता पनि पछिल्लो पटक २०७२ सालमा भूकम्पले यस नगरपालिका मा जनधनको क्षति गरयो। त्यसै गरि विपद्को इतिहासमा वन्यजन्तुको आक्रमण, बाढी, असिना, आगलागी, सडक दुर्घटना, कृषि बालीमा रोग, सर्पदंश, हावाहुरी चट्याङ, पशुमा लाग्ने रोग , विद्युत दुर्घटना, महामारीले पनि यस नगरपालिका मा असर गर्ने गरेको छ। यसरी यस लुम्बिनी साँस्कीतिक नगरपालिका को ऐ्तिहासिक समय रेखालाई हेर्ने हो भने बारम्बार दोहोरिने प्रकोपको घटनाको रुपमा आगलागी बाढी, पहिरो , हावाहुरी तथा वन्यजन्तु देखिन्छ। यस नगरपालिका को ऐतिहासिक विवरण अनुसार पछिल्ला ३० वर्षमा सुख्खा खडेरीको क्रमहरु बढ्दै गएको, पानीको मुहानहरु सुक्दै जाने गरेको पानी कम पर्ने गरेको, तथा पर्दा पनि अत्यधिक पर्ने गरेको, बेमौसमी असिनाहरु पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायुजन्य समस्याहरु पनि देखिएकोले यहाँका समुदायले जलवायु परिवर्तन तथा जलवायुजन्य समस्या पनि भोग्दै गएको देखिन्छ।

### ३.२.२ प्रकोप, मौसमी पात्रो, तथा बाली पात्रो

यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा कुन समयमा कुन प्रकोप हुन्छ भनेर पत्ता लगाई त्यसको समय रेखा तयार पारिएको छ। जलवायु परिवर्तनको दृष्टिले पनि पछिल्ला ३० वर्ष प्रकोपको समय र महिनाहरु के कस्तो फरक तथा परिवर्तन देखियो भन्नका लागि पनि समुदाय तथा विपद् व्यवस्थापन समिति सग छलफल गरी तालिकामा जोखिम महिनाहरुलाई रङ लगाएर संकेत गरिएको छ।

## ३.२ .१ प्रकोप पात्रो :

| प्रकोप | | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भुकम्प | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| पहिरो | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| बाढी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| चट्याङ | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| आगलागी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| प्रकोप | | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| खडेरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| हावाहुरी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| कृषिमा लाग्ने रोग | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| पशुमा लाग्ने रोग | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| महामारी | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सडक दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| विद्युत दुर्घटना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| प्रकोप | | बैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| असिना | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| वन्यजन्तु | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| सर्पदंश | पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

*(श्रोतः स्थलगत अध्यन, २०७५*

## ३..२ मौसमी पात्रो

मौसमी पात्रो अनुसार कुन कुन समयमा मनसुन वर्षा, हिउँदे वर्षा, आगलागी , गर्मी, जाडो , असिना, तुसारो पर्ने हुन्छ भनेर समुदाय सँग पछिल्लो ३० वर्षको अन्तरालमा आएको परिवर्तन अनुसार मौसमी पात्रोमा पहिचान गरिएको छ ।

| मौसम | | बैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| मनसुन वर्षा | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

| मौसम | | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| हिउँदे वर्षा | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| गर्मी | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| जाडो | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| असिना | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |
| तुषारो | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | अहिले | | | | | | | | | | | | |

### २.३.३ बाली तथा वनस्पति पात्रो

बाली र वनस्पती पात्रो तयार गर्दा समुदायको प्रमुख ३ वाली वा वनस्पतीसँग सम्बन्धित विभिन्न क्रियाकलापहरु कुन कुन समयमा गरिन्छ भनी पत्ता लगाउन निम्न बमोजिमको तालिका प्रयोग गर्न सकिन्छ।

| बाली विवरण | | | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | धानको विउँ लगाउने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| धान | रोप्ने समय | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने समय | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| विरुवाको फूल र फल लाग्ने समय | | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |

| बाली विवरण | | | वैशाख | जेठ | असार | श्रावण | भाद्र | आश्विन | कार्तिक | मङ्सिर | पौष | माघ | फाल्गुन | चैत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| गहुँ | छर्ने समय | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |
| | काट्ने | ३० वर्ष पहिले | | | | | | | | | | | | |
| | | अहिले | | | | | | | | | | | | |

*(श्रोतः स्थलगत अध्यन, २०८१)*

प्रकोप पात्रो, मौसमी पात्रो तथा बाली पात्रो अनुसार विगतका ३० वर्ष देखि हाल सम्मको अवस्था हेर्ने हो भने सामान्य रुपमा गर्मी बढ्दै गएको ,पानी पर्ने क्रम पनि कम हुँदै गएको तथा मनसुन वर्षा र  हिउँदे वर्षा पनि केही पछाडि हुने गरेको, सुख्खा खडेरीको क्रम बढ्दै जान थालेको तथा बाली नाली लगउने समय पनि केही पछाडी धकेलिदै गएको जस्ता जानकारी समुदायस्तरबाट आउने गरेको देखिन्छ , जसबाट यहाँका समुदायले जलवायु परिवर्तन तथा जलवायुजन्य समस्या पनि भोग्दै गएका छन् भन्ने पनि प्रष्ट हुन्छ ।

३.३ प्रकोप विश्लेषण

३.३.१	सामाजिक स्रोत नक्साङ्कन



### ३.३.२ लक्षित समुह छलफल

सङ्कटासन्नता तथा क्षमता विश्लेषणका विभिन्न औजारको प्रयोगबाट प्राप्त सूचना तथा तथ्याङ्कको पुनरावलोकन, अनुगमन वा परीक्षण र छुटेका विषय पत्ता लगाउन समुदायको सानो समुहममा छलफल गर्नु नै लक्षित समुह छलफल हो। समुदायका महिला, बालबालिका, सीमान्तीकृत वर्ग, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति, दलित, जनजाति, र अल्पसंख्यक समेत सबै वर्गलाई समेटेर यस प्रकारको छलफल गरिएको छ। यस्तो छलफलमा सबै सहभागीलाई समान रुपले आफ्ना विचार र भनाई राख्न प्रोत्साहित गरिएको छ। विपद्का कारण त्यस नगरपालिकाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा वन तथा जैविक विविधता, जलवायुजन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य, आदि क्षेत्रहरुमा ३० वर्ष पहिले र हाल महसुस गरिएको असर तथा प्रभाव एर्व भविष्यको अनुमानका बारेमा छलफल गरी निम्नअनुसारको ढाँचामा सूचीकृत गरिएको छ।

**नगरपालिकाः स्थानिय बासिन्दा**

| त्र.स | समस्या | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको अवस्था | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | विपद् र विपद्का सवाल | • सामान्य बाढी मात्र विपद्को रुपमा हुने गर्दथ्यो<br>• विपद्को असर न्यून हुने गर्दथ्यो | • नयाँ प्रकारका विपद्हरुको सामना गर्नुपरेको<br>• विपद्ले अत्याधिक क्षति पुरयाउने गरेको<br>• कृषि प्रणालीमा धेरै असर गर्ने गरेको | अव्यवस्थित विकास, अत्याधिक प्रदूषण | प्रविधिमा पहुँच नहुनु , दिगो विकासका अवधारणा नअपनाउनु | विपद् व्यवस्थापनका क्रियाकलापलाई विकासका कार्यक्रमसँगै एकीकृत गरि लैजाने | |
| २ | जीविकोपार्जन तथा खाद्य सुरक्षा (जस्तैः उत्पादनमा घटबढ) | • अनावश्यक किटनाशक प्रयोग नगरेर प्राङ्गारिक खेति गरिन्थ्यो ।<br>• खेतिको उत्पादन राम्रो थियो ।<br>• समयमा पानी पर्दथ्यो ।<br>• रोगकिराको खासै समस्या थिएन । | • खेतीमा धेरै मात्रामा विषादीहरुको प्रयोग गरिन्छ ।<br>• खेती उत्पादन जनसंख्याको अनुपातमा कम भएको<br>• अतिवृष्टि, अनावृष्टि र खण्डवृष्टि हुनु<br>• वालीमा रोगकिरा लाग्नु | जलवायु परिवर्तन, खडेरी | नविन प्रविधिमा पहुँच नहुनु | व्यवसायिक तथा आधुनिक प्रविधि युक्त तालिम तथा सहयोगको व्यवस्था | |

| त्र.स | समस्या | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको अवस्था | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | | • पशुहरुमा रोगको समस्या न्यून थियो | • पशुपंक्षिहरुमा नयाँ रोग देखा पर्ने । | | | | |
| ३ | मानव स्वास्थ्य, खानेपानी, सरसफाई तथा महामारी | • महामारीको खासै समस्या नरहेको ।<br>• स्वास्थ्य सेवाको कमी<br>• बलबालिकाहरु उपचार नपाएर मर्ने गरेको ।<br>• स्थानिय जडीबुटी तथा धामी झाँक्रीको मद्धतले उपचार गर्ने गरेको ।<br>• रोगको पहिचान नहुने गरेको | • स्वास्थ्य सेवामा पहुच बढेको ।<br>• वाल मृत्युदरमा कमी ।<br>• मानिसमा नयाँ रोगहरु देखा पर्न थालेको ।<br>• जन्डीस, टाइफाईड पानीजन्य रोगहरुमा वृद्धि भएको । | जलवायु परिवर्तन, अव्यवस्थित विकास, सरसफाइमा विशेष ध्यान नदिनु | जनचेतनाको कमी, सरकारको नीति नियम प्रभावकारी लागु नहुनु | सरसफाईमा विशेष ध्यान दिने साथै पानीका मुहानको संरक्षण गर्ने | |
| ४ | वन तथा जैविक विविधता ( जस्तैः नयाँ प्रजाति देखा | • वनजङ्गल प्रशस्त थियो ।<br>• जङ्गली फल तथा फूलहरु समयमा फल्ने गर्दथे । | • वनजङ्गलको घनत्व घटेको ।<br>• डढेलो लाग्ने क्रम बढेको । | जलवायु परिवर्तन, दिगो विकासको | | वन व्यवस्थापन तालिम,<br>प्रभावकारी निति नियम लागु गर्ने | |

| क्र.स | समस्या | ३० वर्ष अगाडिको अवस्था | हाल महसुस गरिएको अवस्था | कारण | कारक तत्व | सम्भावित समाधानका उपाय | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | पर्नु तथा लोप हुनु) | • जङ्गलमा प्रशस्त मात्रामा जङ्गली जनावरहरु पाइन्थ्यो । | • पहिले पाइने चराचुरुङ्गीहरु कम देख्न थालेको ।<br>• समयमा जङ्गली फलफूल फल्न छोडेको । | अवधारणा लागु नगर्नु | | | |
| ५ | जलश्रोत तथा उर्जा (पानीको मुहान सुक्नु अथवा नयाँ देखा पर्नु | • पानीका मूलहरु प्रशस्त थिए<br>• उर्जाको रुपमा दाउरा र मट्टीतेल प्रयोग गरिन्थ्यो ।<br>• विद्युतको पहुँच थिएन | • पानीका मूलहरु सुक्दै गएको ।<br>• सोलार र जलविधुतको प्रयोग बढेको ।<br>• खाना पकाउन इन्धनको रुपमा दाउरा नै अत्याधि मात्रामा प्रयोग गर्दै । | अव्यवस्थित विकास | जनचेतनाको कमी | पानीको मुहान संरक्षणमा विशेष ध्यान दिने साथै वैकल्पिक उर्जाको प्रवर्धनमा विशेष जोड दिने | |

विपद्का कारण यस नगरपालिकाको कृषि, पशुपालन तथा खाद्य सुरक्षा, वन तथा जैविक विविधता, जलवायुजन्य प्रकोप, जलस्रोत र उर्जा, भौतिक पूर्वाधार, मानव स्वास्थ्य आदि क्षेत्रहरुमा ३० वर्ष पहिले र हाल महसुस गरिएको असर तथा प्रभाव पछिल्लो समयमा बढ्दै गएको देखिन्छ। जीविकोपार्जनको लागि ३० वर्ष पहिले अधिकांश समुदाय कृषि पेशामा आश्रीत रहने गरेको स्थानीय जातका धान मकै, गहुँ, आदि उत्पादन हुने गरेको, हालका दिनमा कृषि तथा पशुपालनको व्यवसायिक उत्पादन बढ्न गएको तर कृषिमा रासायनिक मलहरुको बढी प्रयोग हुन थालेको , व्यवसायीक रुपमा नै तरकारी खेती हुने गरेको, तथा रासायनिक मल तथा विषादीको प्रयोग बढ्न थालेको , फलफुलमा किरा बढी लाग्ने कुहीन थालेको, धान ,मकैमा किरा लाग्ने गरेको तथा जङ्गली जीवजन्तु लोप हुदै गएको जस्ता समस्याहरु देखिएको छ। ३० वर्ष पहिले तथा हालको अवस्थाहरु हेर्दा समुदायमा जलवायुजन्य समस्याहरु बढ्दै गएको देखिन्छ।

### ३.३.३ जोखिम तथा समस्या विश्लेषण

नगरपालिका भित्र हुने प्रकोप, त्यसको कारण र प्रभावको पहिचान हुन जरुरी हुन्छ। प्रकोप, जोखिमको पहिचान, प्रकोप हुने महिना, र ऐतिहासिक समयरेखाको आधारमा प्रकोपको आवृत्ति र त्यसको मूल कारण तथा सम्भावित समाधानका उपायहरु के के हुन भनि छलफल चलाई त्यसबाट आएको नतिजा तलको तालिका दिइएको छ।

| क्र स | जोखिम तथा समस्या | मूल कारण | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|
| १ | भुकम्प | भौगोलिक तथा भौगोलिक कारण , जमिन भित्रका भारतिय र टेक्टोनिक प्लेटहरु घर्षण | मानिसको मृत्यु हुने तथा घाइेत हुने,<br>भौतिक संरचनाहरु , विद्यालय तथा सार्वजनिक सम्पत्तिमा क्षति तथा असर<br>सुख्खा पहिरो जाने<br>खानेपानीको अभाव सृजना हुने | भवन निर्माण आचार संहिता अनुसार भवन निर्माण गर्ने<br>भुकम्प सम्बन्धी जनचेतना फैलाउने<br>समुदायमा खोज तथा उद्धार गर्न सक्ने जनशक्ति तथा सामाग्री तयार गर्ने।<br>घरघरमा झटपट झोलाको बन्दोवस्त गर्ने |

| क्र स | जोखिम तथा समस्या | मूल कारण | प्रभाव | सम्भावित समाधानका उपाय |
| --- | --- | --- | --- | --- |
| २ | बाढी | अत्यधिक वर्षा,<br>खोलामा उचित तटबन्ध निर्माण नहुनु<br>जंगल फडानी गर्दा | मानिस तथा चौपायाका बगाउने, तथा मृत्यु समेत हुन सक्ने<br>पहिरोको जोखिम बढने तथा भौतिक क्षति हुने<br>जग्गा घरमा विनाश | बाढीको जोखिम रहेको क्षेत्रमा तारजाली तथा तटबन्ध निर्माण गर्ने ।<br>बाढीको सुरक्षा सम्बन्धी समुदायमा जनचेतना जगाउने<br>नाङ्गो डाँडामा वृक्षारोपण गर्ने । |
| ३ | आगलागी | जनचेतनाको कमी, चट्याङ्को कारण,<br>लापरवाही तथा जनचेतनाको अभाव<br>हुरीबतास र सुख्खा खडेरीको कारण जोखिम बढ्नु<br>आगोको प्रयोग गरिसकेपछि सहि व्यवस्थापन नगर्ने<br>असुरक्षित आगोको कारण | मानिसको मृत्यु हुने तथा घाइते समेत हुने ,<br>आर्थिक नोक्सानी तथा लत्ता कपडा र अन्नपात नष्ट हुने<br>नीजि तथा सार्वजनिक भवनहरुमा क्षति<br>वन विनास हुने,<br>वन जंगल विनास | • आगलागी सम्बन्धी जनचेतनामूलक कार्यक्रम संचालन गर्ने<br>• बाल बच्चाले भेट्ने ठाउँमा प्रज्वलनशील पदार्थ नराख्ने<br>• आगोको प्रयोग तथा भान्सामा काम गर्दा सावधान हुने ,<br>• जंगलमा अग्नी रेखा कोर्ने<br>• आगलागीबाट हुन सक्ने हानी वा प्रभावको बारेमा जनचेतना जगाउने |
| ३ | हावाहुरी | मौसमी कारण,<br>पश्चिमी वायुको प्रभाव | भौतिक संरचनामा क्षति हुने र पशुपंक्षीमा असर<br>खेतीबाली तथा कृषिवाली नष्ट , बालीनाली , घर गोठ जंगलमा क्षति | अस्थायी रुपमा बनेका घर टहरा सुरक्षित बनाउने<br>घर तथा विद्यालय वरिपरि अग्ला रुखहरु नराख्ने, हावाहुरी चलेको बेला बिजुलीको स्वीच अफ गर्ने , घरगोठको छानो बलियो गरि छाउने घर नजिकका ठूला ठूला रुखहरुको हाँगा काट्ने । |
| ५ | खडेरी | वर्षात नहुनु , | खानेपानीको अभाव | मुहानको संरक्षण गर्ने |

| क्र स | जोखिम तथा समस्या | मूल कारण | प्रभाव | सम्भावित समाधानका उपाय |
|---|---|---|---|---|
| | | वन विनाश,<br>प्राकृतिक कारण | खेतीबाली नष्ट<br>राम्रो अन्नवाली उब्जाउ नहुने, घाँकसपात समस्या | मुहान वरिपरि वृक्षारोपण गर्ने<br>आकाशे पानी संकलन गर्ने<br>जताततै खाली ठाउँमा वृक्षारोपण गर्ने, गराउने । |
| ६ | पशुमा लाग्ने रोग<br>कृषिमा लाग्ने रोग | खोर , गोठ सफा नगर्दा खाने कुरा ठिक समयमा नदिनदा औषधी प्रयोग नगर्दा<br>विभिन्न किसिमको विषादी प्रयोग र रासायनिक मलको प्रयोग | पशुहरु मर्ने<br>मकै, धान , कोदो, र अन्य सागसब्जीमा विभिन्न किसिमको रोग लाग्नु | गोठ, खोर सफा राख्ने , समयमा औषधी सेवन गराउने ।<br>कृषि विज्ञसँग माटो चेक जाँच गरि कृषिलाई उपयुक्त किसिमको बालीनाली लगाउने । |
| ७ | महामारी | घर वरिपरिको वातावरण फोहोर हुनाले | मानिसहरुको अकालमा मृत्यु हुने , | घर वरपरि सफा सुग्घर राख्ने र सरसफाईमा ध्यान दिने , रोगको बारेमा जनचेतना जगाउने। |
| ८ | असिना | प्राकृतिक कारण | अन्नवाली क्षति भई किसानहरुको मनोवल घट्ने, गाई वस्तुको क्षति हुने , | बाली तथा गाईवस्तुको विमा तथा क्षतिपुर्तिको व्यवस्था, अन्य वैकल्पिक उपायहरुको व्यवस्था मिलाउने |
| ९ | सडक दुर्घटना | साँघुरो बाटो, व्रिव गतिमा सवारी साधन चलाउनाले | मानविय क्षति, आर्थिक क्षति, मालसामानको क्षति | सडक फराकिलो बनाउने, सडकको स्तर उन्नती गर्ने, ठाउँ ठाउँमा ब्रेकरको व्यवस्था मिलाउने |
| १० | सर्पदंश | गर्मी बढी भई जमिन तातेर, सरसफाई नभएको कारणले । | मानिस देखि जनावरहरुको क्षति । | घर वरपर सफा राख्ने, झाडीमा नजाने, प्वाल परेको ठाउँमा टाल्ने । |

*(श्रोतः स्थलगत अध्यन, २०८१)*

### ३. ४ नगरपालिकाको क्षमता विश्लेषण

यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति गठन भएको छ। यसले गर्दा समुदायलाई विपद् सँग सामना गर्ने क्षमता विकासमा सहयोग गर्नेछ। यस विपद् व्यवस्थापन समितिलाई विपद् सम्बन्धी विभिन्न तालिमहरु प्रदान गरी तिनिहरुको ज्ञान, सिप र क्षमताको विकास गर्नु जरुरी छ। यसका साथै विपद् व्यवस्थापन समितिलाई ‘सक्षम बनाउनका लागि आपत्कालिन कोषको स्थापना गरि त्यसको बढावा गर्न सके विपद् व्यवस्थापन समितिको क्षमता बढ्ने देखिन्छ।

यस नगरपालिकामा कार्यरत जिल्ला समन्वय समिति, वडा कार्यालयहरु, स्वास्थ्य चौकी, रेडक्रस , प्रहरी चौकी, विद्यालयहरु , बैक तथा ऋण सहकारी संस्थाहरु, सरकारी तथा गैह सरकारी निकायहरु, आदिलाई पनि क्षमता मान्न सकिन्छ।

यस पालिकामा कार्यरत विभिन्न सरकारी तथा गैरसरकारी संघसंस्थाहरु जसले यस क्षेत्रमा विपद् जोखिम न्यूनीकरण र समुदायको क्षमता बढाउने कामहरु गरिरहेका छन् । यस नगरपालिकामा रहेका विभिन्न राजनीतिक दल तथा समुहहरु, आमा समुह , महिला समुह, विभिन्न बचत समुह तथा कृषि समुहहरु, नगरपालिका भित्रका युवा तथा बाल क्लवहरुलाई यस नगरपालिकाको क्षमता मान्न सकिन्छ। यसैगरी यस नगरपालिकामा रहेका शिक्षक तथा स्वास्थ्य क्षेत्रमा कार्यरत समुदाय पनि छन् ,जसको ज्ञान तथा सिप विपद् व्यवस्थापनमा प्रयोग हुन सक्छ।

यसका साथै यस पलिका भित्रका खुल्ला क्षेत्रहरु, पानीको स्रोतहरु तथा मुहानलाई पनि क्षमता मान्न सकिन्छ। यस पालिकामा भएका विभिन्न क्षेत्रहरुका पहुँचवाला समुदायका व्यक्तिहरु यस नगरपालिका का क्षमता हुन्। यस पालिकामा रहेका सिकमी , तथा डकर्मीहरुले स्थानीय सीप र आफनै क्षमता र दक्षताको आधारमा काम गर्ने गरेका छन् । उनीहरुमा भूकम्प प्रतिरोधी संरचना निर्माण गर्ने सीप तथा क्षमताको विकास गर्नुपर्ने देखिन्छ। यसैगरी यहाँ भएका दक्ष जनशक्तिको रुपमा तालिम प्राप्त पौडीबाज, तालिम प्राप्त स्वयंसेवक, ग्रामीण महिला स्वास्थ्य कार्यकर्ता ,तालिम प्राप्त कृषि प्राविधिक, शिक्षक, कर्मचारी, स्वयंसेवक, सिकर्मी डकर्मीहरुको सीप विपद्का बेला प्रयोग गर्न सकिन्छ, त्यसैले यसलाई क्षमता मान्न सकिन्छ।

३.४.२ संस्थागत विश्लेषण वा सम्बन्ध चित्र

विपद् पुर्वको पूर्वतयारी, रोकथाम र अल्पिकरण, विपद्को समयको प्रतिकार्य, विपद् पश्चातका पुर्नस्थापना र पुनर्निमाण तथा जलवायु परिवर्तन अनुकुलनका लागि आवश्यक पर्ने सेवा, सुविधा, उपलब्ध गराउने सरकारी निकाय वा सुरक्षा निकाय, नेपाल रेडक्रस सोसाइटी, स्थानीय संस्थाहरु, र अन्य मानविकी सेवा प्रदायक सङ्घसंस्था, वित्तिय संस्था, सहकारी, स्वास्थ्य सेवा केन्द्र , निजी क्षेत्र आदिको उपलब्धता, पहुँच, र सम्बन्धको विश्लेषण गरिन्छ । यो औजारले समुदायको सामाजिक सम्बन्ध र महत्वको मापन गर्छ । यस औजारको प्रयोगबाट समुदायले विपद्का सन्दर्भमा सामाजिक तथा सार्वजनिक निकायसम्मको पहुँच कस्तो छ भन्ने विश्लेषण गर्न सहयोग गर्दछ ।

| **क्र.स** | **कार्यालय/संघसंस्था** | **भौगोलिक दूरी** | **विपद् तथा जोखिम क्षमता व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग** | | |
|---|---|---|---|---|---|
| | | | **विपद पुर्व** | **विपद्को समय** | **विपद् पश्चात** |
| | **पालिका भित्र** | | | | |
| १ | | .... घण्टा | विपद्र्व जनचेतनामुलक कार्यक्रम | रोकथामको लागि तटबन्धन तथा भौतिक पुर्वाधार सहयोग, राहत तथा उद्धारमा सहयोग | तटबन्धन तथा भौतिक पुर्वाधार सहयोग गर्ने<br><br>तथ्याक संकलनमा सहयोग , पुनस्थापना र पुर्ननिर्माण कार्यमा सहयोग गने |
| २ | | .... घण्टा | विपद्र्व जनचेतनामुलक कार्यक्रम | रोकथामको लागि तटबन्धन तथा भौतिक पुर्वाधार सहयोग, राहत तथा उद्धारमा सहयोग | तटबन्धन तथा भौतिक पुर्वाधार सहयोग गर्ने<br><br>तथ्याक संकलनमा सहयोग , पुनस्थापना र पुर्ननिर्माण कार्यमा सहयोग गने |

| क्र.स | कार्यालय/संघसंस्था | भौगोलिक दूरी | विपद् तथा जोखिम क्षमता व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| | | | | | |
| ३ | विद्यालयहरु | | सल्लाह, सुझाव सुचना प्रवाह, आश्रया स्थल पहिचान गर्न सहयोग गर्ने<br>विपद् गव्यवस्थापन सम्बन्धी जानकारी | आवश्यक जनशक्ति, शिक्षक विद्यार्थीहरु परिचालन गरेर, अस्थायी आश्रय स्थल उपलब्ध गराउने, सुरक्षित ठाउँमा लगि राख्ने | जोखिम न्युनीकरणमा जानकारी,<br>पुर्वतयारीको कृयाकलापहरुलाई निरन्तरता दिने<br>'सहयोग गर्ने तथा विद्यार्थी मार्फत सचेतना फैलाउने। |
| ४ | सामुदायिक वन | २ घण्टा | वन व्यवस्थापन , वृक्षारोपण | जंगलबाट दिन मिल्ने काठहरु दिने सहयोग गर्ने | सामाजिक सहयोग गर्ने। सचेत रहन सल्लाह दिने |
| ५ | स्वास्थ्य चौकी | ५ मिनेट | सल्लाह, सुझाव सुचना प्रवाह, स्टेचर उपलब्ध, महिला स्वास्थ्य स्वयम् सेविकाहरुले समुदायमा जनचेतना जगाउने, सचेतना तथा स्वास्थ्य सम्बन्धी ज्ञान | उद्धार गर्ने, खोजी गर्ने र सुरक्षित ठाउँमा राख्ने<br>,स्वास्थ्य उपचार तथा सरसफाई प्रति चेतना | आवश्यक अनुसार उपचार गर्ने ।,<br>आवश्यकता अनुसार रिफर गर्ने ,<br>पुर्वतयारीको कृयाकलापहरुलाई निरन्तरता दिन<br>स्वास्थ्य उपचारको सहयोग गर्ने |

| क्र.स | कार्यालय/संघसंस्था | भौगोलिक दूरी | विपद् तथा जोखिम क्षमता व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| ६ | युवा क्लव | १ घण्टा | जनचेतना | सामाजिक सेवना युवाको भुमिका निर्वाह गर्ने | सामाजिक सहयोग गर्ने । |
| ७ | सामुदायिक वन | २ घण्टा | वृक्षारोपण | वृक्षारोपण गर्ने र सहुलियत दरमा काठ उपलब्ध गराउने | आर्थिक सहयोग गर्ने |
| ८ | संघ संस्था | ५मिनेट | | सामाजिक सहयोग गर्ने | आर्थिक, सामाजिक, तथा मानविय सहयोग गर्ने |
| ९ | स्वास्थ्य चौकी | २ घण्टा | स्वास्थ्य सम्बन्धी जचेतना | अस्पतालमा जोखिम , घाइते पठाउने | सम्बन्धीत ठाउँमा गई आवश्यक सहयोग गर्ने |
| १० | पालिका | २ घण्टा | जनचेतना | सामाग्रीको सहयोग | तुरुन्त सहयोगी संस्थालाई पठाउने |
| ११ | कृषि सेवा | २ घण्टा | स्वास्थ्य खानेकुरा खान प्रोत्साहन गर्ने | सम्बन्धित स्वास्थ्य संस्थामा पठाउने | सम्बन्धित ठाउमा गई आवश्यक सहयोग गर्ने |
| १२ | पशु स्वास्थ्य | २ घण्टा | पशु विकास कार्यक्रम , आवश्यक परामर्श, आर्थिकको लागि श्रोत पहिचान गर्ने रोगाको सचेतना कार्यक्रम | पशु स्वास्थ्य शिविर संचालन, विपदबाट बचाउन सहयोग गर्ने | पशुको क्षति हुनबाट जोगाउनु क्षतिपुर्तिको लेखाजोखा गरि आर्थिक सहयोग गने पुर्वतयारीका कृयाकलापहरुलाई निरन्तरता दिन |

| क्र.स | कार्यालय/संघसंस्था | भौगोलिक दूरी | विपद् तथा जोखिम क्षमता व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| | | | | तत्कालको लागि गास बास र कपासको व्यवस्थापन गर्ने | |
| १३ | अतिरिक्त हुलाक | २ घण्टा | सुचना आदान प्रदान | घटनाहरुको बारेमा सुचना प्रवाह गर्ने | सुचना संकलन तथा प्रवाह गर्ने |
| १४ | श्रोत केन्द्र | २ घण्टा | चेतनामुलक कार्यक्रम | आर्थिक तथा शैक्षिक सहयोग | सुचना तथा रिर्पोटिगं प्रवाह गर्ने |
| १५ | वन कार्यालय | २: १५ घण्टा | सचेतना कार्यक्रम | आर्थिक तथा प्राविधिक सहयोग | सुरक्षित वास स्थानको व्यवस्था |
| १७ | ..... बहुउद्धेश्यि सहकारी संस्था | | आवश्यक छलफल विपद् जोखिम न्युनिकरण सम्बन्धमा । | आवश्यक जनशक्ति परिचालन गर्ने, | सहुलियत दरमा ऋण उपलब्ध गराउने |
| १८ | स्वास्थ्य सेवा | ३ घण्टा | सुरक्षित खाना तथा सरसफाई | गर्भवती तथा बालबालिका प्रति स्वच्छ खाना तथा पोषण | गर्भवती तथा बालबालिकालाई स्वास्थ्य सम्बन्धी सहयोग गर्ने । |
| १९ | सामुदायिक | ३ घण्टा | वृक्षारोपण , जैविक विविधता संरक्षण | विपद् परेको बेला सल्लाह , सुझाव र सहयोग गर्ने | आर्थिक तथा भौतिक सहयोग गर्ने |
| | **जिल्ला भित्र** | | | | |

| क्र.स | कार्यालय/संघसंस्था | भौगोलिक दूरी | विपद् तथा जोखिम क्षमता व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| १ | जिल्ला प्रशासन कार्यालय | २:२० मिनेट | विपद्को बारेमा तालिम | आवश्यका अनुसार सहयोग गर्ने | सम्बन्धित विपद्को स्थानमा उद्धार गर्न लगाउने |
| २ | मालपोत कार्यालय | २:२० मिनेट | सचेतना सम्बन्धी तालिम | आवश्यक मात्रामा जग्गाको व्यवस्था | |
| ३ | जिल्ला प्रहरी कार्यालय | २:२० मिनेट | अभिभावकहरुलाई जनचेतना, सुरक्षा सेवा | उद्धार सम्बन्धी कामको सहयोग, जनशक्ति परिचालन | आर्थिक सहयोग , रिपोर्टिंग, पुनस्थापना तथा पुर्ननिर्माण कार्यमा सहयोग गर्ने |
| ४ | नेपाल रेडक्रस सोसाइटी | २:२० मिनेट | जोखिम न्यूनीकरणको लागि तालिम ,गैरखाद्य सामाग्री सहयोग | औषधीको व्यवस्था , प्राथमिक उपचार , खोज उद्धारमा सहयोग | भाँडा, चामल, टेन्ट, लुगा , कपडा , पुर्ननिर्माण कार्यमा सहयोग |
| ५ | यातायात व्यवस्था कार्यालय | २:१० मिनेट | ट्राफिक नियमको बारेमा जानकारी | निःशुल्क यातायातको व्यवस्था | दुर्गम ठाउँमा निःशुल्क यातायातको व्यवस्था |
| ६ | जिल्ला समन्वय समितिको कार्यालय | २:३० मिनेट | जनचेतना सम्बन्धी तालिम | चामल,दाल लत्ता कपडाको व्यवस्था | भौतिक निर्माण सम्बन्धी आर्थिक सहयोग |

| क्र.स | कार्यालय/संघसंस्था | भौगोलिक दूरी | विपद् तथा जोखिम क्षमता व्यवस्थापनका लागि प्राप्त हुनसक्ने सहयोग | | |
|---|---|---|---|---|---|
| | | | विपद पुर्व | विपद्को समय | विपद् पश्चात |
| ७ | | | स्वास्थ्य उपचार ,औषधी सहयोग, तालिम, जनचेतना | औषधी उपचार, एम्बुलेन्स सेवा , प्राथमिक उपचार, | गम्भिर प्रकृतिको विरामीलाँई उपचार गर्न सहयोग गर्ने, पुर्वतयारीका कृयाकलापहरुलाई निरन्तरता दिने |
| ८ | जिल्ला प्रशासन कार्यालय | २:२० मिनेट | विपद्को बारेमा तालिम | आवश्यक अनुसार सहयोग गर्ने | सम्बन्धित विपद्को स्थानमा उद्धार गर्न लगाउने |
| ९ | मालपोत कार्यालय | २:२० मिनेट | सचेतना सम्बन्धी तालिम | आवश्यक मात्रामा जग्गाको व्यवस्था | |
| १० | जिल्ला प्रहरी कार्यालय | २:२० मिनेट | अभिभावकहरुलाई जनचेतना | उद्धार सम्बन्धी कामको सहयोग | आर्थिक सहयोग |
| ११ | जिल्ला रेडक्रस कार्यालय | २:२० मिनेट | जोखिम न्यूनीकरणको लागि तालिम | औषधीको व्यवस्था | भाँडा, चामल, टेन्ट, लुगा , कपडा |
| १२ | यातायात व्यवस्था कार्यालय | २:१० मिनेट | ट्राफिक नियमको बारेमा जानकारी | निःशुल्क यातायातको व्यवस्था | दुर्गम ठाउँमा निःशुल्क यातायातको व्यवस्था |
| १३ | जिल्ला समन्वय समितिको कार्यालय | २:३० मिनेट | जनचेतना सम्बन्धी तालिम | चामल,दाल लत्ता कपडाको व्यवस्था | भौतिक निर्माण सम्बन्धी आर्थिक सहयोग |

*(श्रोतः स्थलगत अध्यन, २०८१)*

## ३.५ जोखिम पहिचान तथा विश्लेषण

यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा जोखिम पहिचान तथा विश्लेषण सङ्कटासन्नता र क्षमता विचको फरकलाई तुलना गरेर हेर्ने हो भने यस पालिकामा विपद् जोखिम न्यूनीकरणको क्षेत्रमा धेरै कार्यहरु गर्नुपर्ने देखिन्छ । यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा भुकम्प, बाढी, सडक दुर्घटना, महामारी, पहिरो, खडेरी, हावाहुरी, चट्याङ, असिना, आगलागी , वन्यजन्तुको आक्रमण, सर्पदंश ,विद्युतीय दुर्घटना , कृषिमा लाग्ने रोग  पशुमा लाग्ने रोग जस्ता जोखिम रहेको छ । यसर्थ यस्ता विपद्बाट समुदायलाई सुरक्षित बनाउन जनचेतनाको कार्यहरु सँगै पूर्वतयारीको गतिविधीहरुमा समेत जोड दिनुपर्ने देखिन्छ । यसैगरी यस पालिकामा सुख्खा खडेरीको क्रमहरु बढ्दै गएको, पानीका मुहानहरु सुक्दै जाने गरेको, पानी कम पर्ने गरेको तथा पर्दा पनि अत्यधिक पर्ने गरेको, बेमौसमी असिना पर्ने, फलफुल तथा तरकारीहरुमा किरा बढी लाग्ने गरेको जस्ता विभिन्न जलवायुजन्य समस्या पनि देखिएको छ ।

आपत्कालिन अवस्थाका लागि लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका सुरक्षित तथा खुल्ला स्थानको पहिचान तथा संरक्षण र समुदायमा जानकारी गराउनु आवश्यक देखिन्छ । यस नगरपालिका मा देखिएका मुख्य विपद्हरु भुकम्प, बाढी, सडक दुर्घटना, महामारी, पहिरो, खडेरी, हावाहुरी,चट्याङ, असिना, आगलागी, वन्यजन्तुको आक्रमण, सर्पदंश ,विद्युतीय दुर्घटना, कृषिमा लाग्ने रोग, पशुमा लाग्ने रोग जस्ता न्यूनीकरणका कार्यहरु गर्नुपर्ने देखिन्छ । यसका साथै समुदायमा विपद् जोखिम न्यूनीकणका बारेमा जानकारीहरु प्रदान गर्नुपर्ने देखिन्छ ।

यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा रहेका विभिन्न सरकारी, गैर सरकारी, निजि संघसंस्थाहरु, तथा विभिन्न महिला समुह , युवा क्लव बाल क्लवहरु, विद्यालयहरु आदि रहेका छन् तर ति संस्था तथा समुहहरु सँग विपद् पहिले तथा विपद्को समयमा समुदायले कसरी सहकार्य गर्न सक्छन् भन्ने कुरामा पनि समुदायमा प्रयाप्त ज्ञान हुनु जरुरी देखिन्छ । साथै यस पालिकामा रहेका विभिन्न क्षेत्र सँग पहुँच भएका राजनैतिक दल तथा सरोकारवाला, महिला स्वास्थ्य स्वयम् सेविका,  सिकर्मी , डकर्मी तालिम प्राप्त निर्माणकर्मीहरु लगायत युवा शक्तिहरुमा विपद् सम्बन्धी पनि उचित ज्ञान सीप तथा क्षमताको विकास गरिनु जरुरी छ ।

यस लुम्बिनी साँस्कृतिक नगरपालिकामा पालिका स्तरीय विपद् व्यवस्थापन समिति गठन भएको छ  र यस समितिलाई विपद् व्यवस्थापन सम्बन्धी निरन्तर तालिम तथा ज्ञान, सिप, क्षमताको विकास गर्नु जरुरी छ । यसै गरि यस पालिकामा विभिन्न कार्यदलहरु पूर्वसूचना तथा सञ्चार , खोज तथा उद्धार, प्राथमिक उपचार, आपत्कालिन शिविर व्यवस्थापन र खानेपानी , सरसफाई तथा स्वच्छता व्यवस्थापन जस्ता कार्यदलहरु गठन गरी ति कार्यदललाई विभिन्न तालिम तथा आपत्कालिन सामाग्रीको व्यवस्थापन गरी समितिको क्षमता अभिवृद्धि गर्नुपर्ने देखिन्छ । यसका साथै विपद् व्यवस्थापन समितिमा आपत्कालिन कोष समेत स्थापना गरी विपद् व्यवस्थापनमा समुदायलाई सक्षम बनाउनु जरुरी छ  । कुनै पनि विपद्मा पहिलो सहभागीता तथा पहुँच समुदायकै हुने हुदा यसै कुरालाई  मध्य नजर गर्दै यस नगरपालिका मा बहुप्रकोप सँग जुध्नका लागि मानविय, आर्थिक , भौतिक श्रोत साधनको विकास गरी यस लुम्बिनी साँस्कृतिक नगरपालिकालाई विपद् अनुकुलन तथा क्षमता विकास पालिकाको रुपमा स्थापित गर्नु जरुरी देखिन्छ ।

*(श्रोतः स्थलगत अध्ययन २०८१)*

# परिच्छेद चार

## विपद् जोखिम अनुकुलन योजना

### ४.१ विपद जोखिम न्यूनीकरण तथा पूर्वतयारी, रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु

लुम्बिनी साँस्कीतिक नगरपालिका को विपद् व्यवस्थापन योजना तयार गरिएको छ। विपद् जोखिम व्यवस्थापनको सवाललाई बिकासको योजनासँग मूलप्रवाहीकरण गरी विपद् उत्थानशील समाज निर्माण गर्दे विपद् जोखिम व्यवस्थापनलाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास निति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्ने प्रयास गरिएको छ। यसका साथै विपद् जोखिम व्यवस्थापनलाई सहभागितामूलक, पारदर्शी, उत्तरदायी, समावेशी र जिम्मेवार बनाउन "*स्थानीय विपद् जोखिम व्यवस्थापन योजनाको तर्जुमा निर्देशिका २०६८ तथा स्थानीय विपद् तथा जलवायु उत्थानशील योजना तर्जुमा निर्देशिका २०७४*" को मस्यौदाको केही विधिहरु पनि समावेश गरी यस योजनाको खण्ड ४ मा लुम्बिनी साँस्कीतिक नगरपालिका को नगरपालिका स्तरिय विपद् व्यवस्थापन योजनामा क्रियाकलापहरुलाई समावेश गरिएको छ।

लुम्बिनी साँस्कीतिक नगरपालिका मा वि स २०७५ सालमा गरिएको सङ्कटासन्ता तथा क्षमता लेखाजोखाले पहिचान गरेको मुख्य विपद्बाट हुन सक्ने जनधनको क्षति कम गरी जोखिम न्यूनीकरणमा समुदायलाई नै सक्षम बनाई विपद् जोखिम व्यवस्थापनलाई केन्द्र देखि स्थानीय तहसम्म विस्तार गरी सबै तहका विकास नीति तथा कार्यक्रममा मूलप्रवाहीकरण गर्ने यस योजनाको लक्ष्य रहेको छ। सम्भावित विपद्को जोखिम कम गर्न , विपद्का समयमा आपतकालिन कार्य सम्पादन गर्न र विपद् पश्चात् पुर्नस्थापना तथा पुर्ननिर्माणका लागि दिशानिर्देश गर्न तयार गरिएको योजनाबद्ध कार्यक्रम , कार्यजिम्मेवारी सहितका गतिविधीहरु समावेश गरिको छ। लुम्बिनी साँस्कीतिक नगरपालिका विपद् जोखिम र सङ्कटासन्नताको सूचना संकलन र क्षमता विश्लेषणको आधारमा विपद्को रुपमा आएका भुकम्प, बाढी , सडक दुर्घटना, महामारी, पहिरो , खडेरी, हावाहुरी,चट्याङ, असिना, आगलागी, वन्यजन्तुको आक्रमण, सर्पदंश ,विद्युतीय दुर्घटना , कृषिमा लाग्ने रोग पशुमा लाग्ने रोग आदि जस्ता विपद्लाई स्थानीय समुदाय तथा विपद् व्यवस्थापन समिति, सघसंस्था, तथा सरकारी निकायले योजनाबद्ध रुपमा जोखिम न्यूनीकरण क्रियाकलापहरु सञ्चालन गर्नुपर्ने देखिन्छ। यस विपद् जोखिम व्यवस्थापन योजना निर्माण निम्न प्रक्रियामा गरिएको छ।

**विपद् पूर्वका क्रियाकलापहरू (पूर्वतयारी, अल्पिकरण र रोकथाम)**

विपद् पूर्वका क्रियाकलाप अर्न्तगत जनचेतना अभिवृद्धी, भौतिक स्रोत र साधनको तयारी तथा विकास, मानव संसाधनको विकास, नीतिगत संरचना तथा संस्थागत विकास र जीविकोपार्जनका गतिविधीहरूलाई समावेश

गरिएको छ। विपद् पूर्वका क्रियाकलापमा कुन गतिविधी कहिले गर्ने, त्यसको मुख्य भूमिका र जिम्मेवारी कसको हुने र त्यसका लागि आवश्यक स्रोत कति लाग्ने तथा सो को व्यवस्थापन कसरी गर्ने भन्ने कुरा एउटा निश्चित ढाँचामा राखेर योजनाको खाका तयार गरिएको छ।

**विपद्का समयका क्रियाकलापहरू (आपत्कालीन सहयोग, खोज, उद्दार, तत्कालिन राहत)**

प्रकोपको घटना घटेपछि त्यसबाट पर्ने विपद्बाट प्रभावितहरूको तत्काल खोज तथा उद्धार, प्राथमिक उपचार, आधारभूत व्यवस्थापनका लागि आवश्यक पर्ने सबै क्रियाकलापहरु, मानवीय क्रियाकलापहरु, तत्काल गर्नुपर्ने अरु कामहरु वा कार्य, मानवीय जीवन रक्षाका लागि ध्यान दिनुपर्ने विषयहरु, आधारभूत आवश्यक भौतिक सामाग्री, खाद्य सामाग्री, औषधी उपचार, खानेपानी, अस्थायी आवास, सुरक्षा आदि उपलब्ध गराइने गतिविधीहरू समावेश गरिएको छ।

**विपद् पश्चात (पुनर्स्थापना र पुननिर्माण)**

विपद्बाट प्रभावित व्यक्ति, परिवार र समुदायलाई तत्काल दिनुपर्ने सेवा दिईसकेपछि वा प्रकोप भएको स्थानबाट समयमै खतरामुक्त स्थानमा स्थानान्तरण गरिसकेपछि उसको जीवन निर्वाह, भविष्यमा पर्न सक्ने सम्भावित प्रकोप समेतबाट सुरक्षित हुन, दैनिक रुपमा जीवन सञ्चालन गर्न सुरक्षित स्थानमा अस्थायी वा स्थायी घर, जीवन बाँच्नका लागि आवश्यक खाद्य, सुरक्षा, पानी, सरसफाई र स्वास्थ्य सेवाको पूर्वाधार तयार गरी पुनःस्थापना र पुनःनिर्माण कार्य गर्ने तथा भविष्यमा त्यस्ता विपद् नपरोस् भन्नका लागि गरिने गतिविधीहरू विपद् पश्चात् समावेश गरिएको छ।

विपद्पूर्व, विपद्को समयमा र विपद् पश्चात् तीनै चरणमा सञ्चालन गरिने क्रियाकलापलाई समुदायले पहिचान गरेका देहायका प्रत्येक प्रकोपका लागि योजना बनाइएको छ।

### ३.१.१ विपद् जोखिम न्यूनीकरण तथा पूर्वतयारी (रोकथाम, अल्पीकरण र अनुकूलनका योजनाहरु)

विपद्को सङ्कटासन्नता, क्षमता र जोखिम विश्लेषणबाट प्राप्त परिणाम बमोजिम अत्यधिक जोखिम रहेका समुदाय वा वडामा जोखिम न्यूनीकरणका लागि सञ्चालन गर्नुपर्ने क्रियाकलापलाई विपद् पहिले गरिने क्रियाकलापको रूपमा प्रस्ताव गरिएको छ। यस चरणमा गर्नुपर्ने कार्यलाई निम्न तालिकामा देहाय अनुसारको ढाँचामा उल्लेख गरिएको छ।

| क्र.स. | कार्यक्रमको नाम | विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप | इकाइ | परिमाण | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | वाह्य | |
| १ | नीतिगत व्यवस्था तथा निर्णय | ख) वडा/समुदाय स्तरीय विपद् व्यवस्थापन समिति गठन<br>ग) बिभिन्न विपद् व्यवस्थापन कार्यदलहरुको गठन ( वडा स्तरमा)<br>• खोज तथा उद्धार कार्यदल<br>• राहत व्यवस्थापन तथा पुनस्थापना कार्यदल<br>• क्षती तथा आवश्यकता विश्लेषण कार्यदल<br>• विपद् व्यवस्थापन सम्बन्धी नियमावली तर्जुमा<br>• वडा स्तरीय विपद् व्यवस्थापन कोष स्थापना<br>• प्राथमिक उचपार कार्यदल<br>• शिविर व्यवस्थापन कार्यदल | पटक<br>पटक<br>वटा<br>वटा<br>वटा<br>वटा<br>वटा<br>वटा | १<br>९<br>१<br>१<br>१<br>१ | वडास्तरिय विपद् तथा जलवायु उत्थानशील समिति | लागत नलाग्ने<br>९५,०००<br>७५००० | | २०८६ |

| क्र.स. | कार्यक्रम को नाम | विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप | इकाइ | परिमाण | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | वाह्य | |
| | | • सञ्चार तथा पूर्व चेतावनी कार्यदल<br>• समन्वय कार्यदल<br>घ) ङ) विपद् राहत कोष सञ्चालन कार्यविधि तयारी<br>च) राहत व्यवस्थापन कार्यविधि तयारी<br>छ) आपत्कालीन खोज तथा उद्धार सामाग्री प्रयोग कार्यविधिको तर्जुमा<br>ज) राहत सामाग्री वितरण कार्यविधिको तर्जुमा<br>झ) वडा/समुदाय स्तरीय विपद् व्यवस्थापन समितिको काम कर्तव्य र अधिकारका सम्बन्धमा समितिलाई अभिमुखीकरण। | वटा<br>वटा<br>वटा<br>वटा<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक<br>पटक | १<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१<br>१ | नगर सभा | लागत नलाग्ने | | |

| क्र.स. | कार्यक्रम को नाम | विपद् जोखिम व्यवस्थापनका क्रियाकलाप | इकाइ | परिमाण | मुख्य जिम्मेवारी | स्रोतको व्यवस्था | | समय अवधी |
|---|---|---|---|---|---|---|---|---|
| | | | | | | आन्तरिक | वाह्य | |
| | | | वडा | | | | | |

**जनचेतना तथा क्षमता अभिवृद्धि**

| क्रस | प्रकोप | व्यवस्थापनका कृयाकलापहरु | मुख्य जिम्मेवारी | आन्तरिक निकाय | बाहय निकाय | समयावधि |
|---|---|---|---|---|---|---|
| १ | भुकम्प | भुकम्प प्रतिरोधी घर निर्माण, भुकम्पीय सुरक्षा सम्बन्धी पुर्वतयारी कार्यहरु, कृत्रिम अभ्यास लगायत, तथा कार्यदल गठन गर्ने, खुल्ला ठाउँको पहिचान गर्ने, विपद् व्यवस्थापन कोष निर्माण गर्ने,घर घरमा झटपट झोलाको व्यवस्था गर्न लगाउने, आपतकालिन सम्पर्क नम्वर संकलन गर्न लगाउने, विपद्को बेलामा कहाँ भेला हुने भन्ने बारे स्थान पहिला नै पहिचान गर्ने , भुकम्प प्रतिरोधी भवन निर्माण गर्ने, चेतना अभिवृद्धि गर्ने, भुकम्प सम्बन्धी कृत्रिम घटना अभ्यास गर्ने। | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | विद्यालय, समुदाय, वढा कार्यालय, नगरपालिका | सम्बन्धित सरोकारवाला निकाय र अन्य संघसंस्था | निरन्तर |

| क्रस | प्रकोप | व्यवस्थापनका कृयाकलापहरु | मुख्य जिम्मेवारी | आन्तरीक निकाय | बाहय निकाय | समयावधि |
|---|---|---|---|---|---|---|
| २ | आगलागी | पानीको व्यवस्थापन गर्नको लागि , गाउँघरमा आगलागीको जोखिम र त्यसबाट बच्ने उपायहरुको बारेमा जानकारी दिने, आगलागी नियन्त्रण तथा जीवन रक्षा तालिम दिने, लाइटर सलााई जस्ता सामानहरु , बच्चाहरु बाट टाढा राख्नुपर्छ भनि जानकारी गराउने , चुरोट विडीको ठुटाहरु जथाभावी नफाल्ने बारेमा जानकारी गराउने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | विद्यालय, समुदाय, वडा कार्यालय, नगरपालिका | सम्बन्धित सरोकारवाला निकाय र अन्य संघसंस्था | |
| ३ | बाढी | वनविनाश रोक्ने कार्यक्रम बनाउने, वन जंगल कटानी नगर्ने भनि जानकारी गराउने, वृक्षारोपण गर्ने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | विद्यालय, समुदाय, वडा कार्यालय, गाउपालिका वडा स्तरिय विपद् व्यवस्थापन समिति | सम्बन्धित सरोकारवाला निकाय र अन्य संघसंस्था , आमा समुह, बला क्लव | २०८४ जेष्ठ मसान्त |
| ४ | हावाहुरी | घरको छाना राम्रो सँग कस्ने, बाहिर ननिसक्ने, घरवपरका रुखहरु काँटछाट गर्ने टोल टोल, विद्यालयमा चट्याँगबाट बच्ने बारे पोष्टर, पम्पलेट, आदिबाट जनेचतना अभिवृद्धि गर्ने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | विद्यालय, समुदाय, वडा कार्यालय, | सम्बन्धित सरोकारवाला निकाय र अन्य संघसंस्था | २०८४ |

| क्रस | प्रकोप | व्यवस्थापनका कृयाकलापहरु | मुख्य जिम्मेवारी | आन्तरीक निकाय | बाहय निकाय | समयावधि |
|---|---|---|---|---|---|---|
| | | | | नगरपालिका | | |
| ५ | खडेरी | मुहानको वरिपरि वृक्षारोपण गर्ने, डिप बोरिगंको व्यवस्था गर्ने, पानीको मुहान संरक्षण गर्ने, वृक्षारोपण गर्ने, पानी संकलनको लागि ट्र्याँकी निर्माण गर्ने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | आमा समुह, कृषक समुह , वडा कार्यालय | जिल्ला भुसंरक्षण कार्यालय, तथा सरोकारवाला निकाय , खानेपानी समिति, | विपद्को घटना भएको ३ महिना भित्र |
| ६ | महामारी | जनचतेना जगाउने, वातावरण सरसफाई गर्ने। रोग शुरु हुने वित्तिकै उपचार गर्ने | नगर स्तरिय विपद् व्यवस्थापन समिति | वडा कार्यालय क्लवहरु , स्वास्थ्य चौकी | नगरपालिका, जिल्ला सम्वन्वयसमिति | विपद्को घटना भएको ३ महिना भित्र |
| ७ | कृषिमा लाग्ने रोग | कृषि सम्बन्धी तालिम राख्ने , घरमा विषाधी बनाउने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | वडा कार्यालय, | | विपद्को घटना भएको ३ महिना भित्र |
| ८ | पशुमा लाग्ने रोग | खोर गोठ सरसफाई गर्ने, व्यवस्थित खोर निर्माण गर्ने, पशुपालन सम्बन्धी तालिम दिने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | पालिका, कृषि तथा पशु सेवा | कृषि तथा पशु सेवा | विपद्को घटना भएको ३ महिना भित्र |

| क्रस | प्रकोप | व्यवस्थापनका कृयाकलापहरु | मुख्य जिम्मेवारी | आन्तरिक निकाय | बाहय निकाय | समयावधि |
|---|---|---|---|---|---|---|
| ९ | सडक दुर्घटना | | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | | जिल्ला प्रहरी कार्यालय | |
| १२ | असिना | प्लाष्टिक टनेलको व्यवस्था गर्ने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | गा पा , कृषि तथा पशु कार्यालय | जिल्ला कृषि तथा पशु कार्यालय | |
| १० | सर्पदंश | वस्तीहरु सरसफाई गर्ने। घरको झयाल ढोकामा जाली लगाउने बारेमा  जनचेतना जगाउने, टर्चलाइटको व्यवस्थापन गर्ने,  ढोका रामा सग लगाउने , फिनेल जस्ता चिजहरु घरवरपर  छर्कने , रातीको समयमा बत्ति लिएर हिडने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | पालिका, वडा कार्यालय, वन कार्यालय, निकुन्ज | सम्बन्धित संघसंस्था | योजना  लागु भएको ६ महिना भित्र |

### ४.१.२ जोखिम न्यूनिकरणका कृयाकलापहरु

कुनै पनि प्रकोप घट्नुभन्दा पहिले त्यस्ता प्रकोपहरुले निम्त्याउन सक्ने विपद्लाई न्यून तथा अनुकुलन गर्न स्थानिय श्रोतले भ्याउने गरी र स्थानिय व्यक्तिसँगको छलफल पछि निम्न उल्लेखित न्यूनीकरण तथा पूर्वतयारीका क्रियाकलापहरु प्रस्ताव गरिएको छ।

| क्र.स | प्रकोप | व्यवस्थापनका कृयाकलापहरु | मुख्य जिम्मेवारी | स्रोत व्यवस्थापन | | समय अवधि |
|---|---|---|---|---|---|---|
| | | | | आन्तरिक | बाह्य (सहयोगी) | |
| १ | भुकम्प | भवन आचार संहिता पालना गरि प्रत्येक वडामा कम्तीमा १ वटा आपतकालीन आवासको निर्माण गर्ने | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | नगर/वडा कार्यालय १ करोड २० लाख | सम्बन्धित सरोकारवाला संघसस्था | |
| ३ | बाढी | वडा भित्रका खोलाको कारण वर्षायाममा अत्यधिक वर्षा भई बाढीको उच्च जोखिममा वारी पारी तटबन्ध निर्माण गर्ने , वृक्षारोपण गर्ने खोला नजिक बसोवास नगर्ने भन्ने जानकारी गराउने । | नगरपालिका स्तरिय विपद् व्यवस्थापन समिति | २० लाख, वडा कार्यालय, नगरपालिका | सम्बन्धित सरोकारवाला संघसंस्था | |
